अभियान साप्ताहिक अब अनलाइन संस्करणमा पनि
www.abhiyanweekly.com.np

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY

Devendrachudal@gmail.com

वर्ष : ४४ / अंक : ७ / २०८३ भदौ १९ गते शुक्रबार / नेपाल सम्वत ११४६ / Sep. 4, 2026 / मूल्य रू. १०/-

## विपद्को बेलामा पनि पार्टीगत स्वार्थ हेरियो

काठमाडौ । भाद्र १० गते रसुवाको भोटेकोशीमा आएको बाढीले गर्दा ठुलो मात्रामा जनधनको क्षति भएको छ भने सो वाढीले रसुवा सहित धादिङ, चितवन, गोर्खा, तनहुँसम्मका स्थानीय तहसम्म व्यापक क्षति पुऱ्याएको छ । बाढी पहिरो आएसँगै केन्द्रीय सरकार उद्दारमा सक्रिय भएपनि उसले स्थानीय तहको सरकारसँग समन्वय नगरेको र प्रदेश सरकारहरूसँग समेत समन्वय नगरेका र प्रदेश सरकारसँग समेत समन्वय नगरेको भन्दै बागमति प्रदेश सरकार र स्थानीय तहले केन्द्रीय सरकारको व्यवहारप्रति असन्तुष्टि जनाउँदै आएका थिए ।

बागमति प्रदेशको मुख्यमन्त्री किरण थापा मगर पिडितको सहयोगका लागि आफैं सक्रिय भएका थिए । तर केन्द्रीय सरकारले गर्ने सहयोग सुरक्षा निकायको जिम्मेवारीमा दिएको हुनाले

>>> बाँकी ८ पेजमा

हामीलाई www.abhiyanweekly.com.np मा पनि पढ्न सकिन्छ ।

# बालेन सरकारको गतिविधि हुटिट्याउँले आकाश थाम्छु भने जस्तै

## विपक्षीको रिसले स्थानीय जनप्रतिनिधिलाई निस्क्रिय पार्ने प्रयास गर्नु अर्को अपराध

**देवेन्द्र चुडाल**

काठमाडौं । भाद्र १० गते भोटेकोशीमा आएको भिषण बाढीले गर्दा ठुलो मात्रामा धनजनको क्षति भएको छ । तर, प्रधानन्त्री बालेन भने स्टाटस लेख्नमै व्यस्त रहेका छन् । प्रधानमन्त्रीले नै सर्वदलीय बैठक बोलाएर सबै राजनीतिक दलहरूको सहयोग लिनुपर्नेमा त्यस्तो देखिएको छैन । रास्वपा सभापति रवि लामिछानेले भाद्र १६ गते बोलाएको सर्वदलीय बैठकमा समेत सिंहदरबारमा रहेका प्रधानमन्त्री बैठकमा उपस्थित नभएपछि उनको आलोचना भएको थियो ।

विभिन्न दलका प्रतिनिधिहरूले प्रधानमन्त्रीले नै सर्वदलीय बैठक बोलाएर अहिलेसम्म भएका कामको विवरण राजनीतिक दलका प्रतिनिधिहरूलाई दिनुपर्ने माग गर्दै आएका भएपनि प्रधानमन्त्रीले भने सर्वदलीय बैठक बोलाउन चाहिरहेका छैन । त्यसको एउटै कारण हुन सक्छ आफ्नो विरोध हुने डर । प्रधानमन्त्रीले विपद्को बेला सबै राजनीतिक दलहरूसँग



सम्वाद गरेर उनीहरूको सहयोग लिनुपर्नेमा त्यस्ता अवस्था देखिएको छैन । प्रायः सबै राजनीतिक दलहरु अहिले आफूहरूको मुद्दा थाति राखेर सरकारलाई सहयोग गरि विपद्को बेला हामी सरकारको साथमा छौं भनिरहेका भएपनि प्रधानमन्त्रीले नै समन्वय गर्न नचाहेको आरोप उनीहरूले लगाएका छन् ।

राजनीतिक दल र सरकार भनेका अलग अलग पात्र हुन् । राजनीतिक दलहरु भित्र विवाद हुन सक्छ । दलहरूका आ आफ्ना नीति तथा कार्यक्रमहरु हुन्छन् तर मुलुकमा विपद् पर्दा सबै राजनीतिक दलहरु एकै ठाउँमा उभिएर जनताको सेवामा लागेको विगतमा भएका घटनाहरु चाहे २०७२ सालमा गएको विनाशकारी भूकम्प होस् चाहे त्यस भन्दा अगाडि भएका विभिन्न घटना हुन् । त्यसबेला तत्कालिन प्रधानन्त्रीले नै सर्वदलीय बैठक बोलाउने गरेका र सरकारले गरेका कामको विवरण दिँदै राजनीतिक दलहरूको सहयोग लिने गरेका थिए तर अहिले प्रधानमन्त्री बालेनबाट त्यस्तो व्यवहार देखिएको छैन । सिंहदरबारमा बसेर स्टाटस लेख्दै विपक्षी दलका नेताहरूलाई गाली गलौज गर्दैमा सरकारको सफलता मानिँदैन ।

सत्तारूढ दल रास्वपाले मंगलबार गरेको सर्वदलीय बैठकमा विपक्षी दलका नेताहरूले विपद्को बेला सबै पक्षको सहयोग र समन्वयमा मात्र विपद्को व्यवस्थापन गर्न सहज हुने र प्रधानमन्त्रीले नै राजनीतिक दलहरूलाई समेटेर केन्द्र देखि प्रदेश हुँदै स्थानीय तह र वडासम्म समन्वय संयन्त्र

>>> बाँकी ८ पेजमा

## संसदले पारित गरेको लोक कल्याणकारी विज्ञापनको रकम कटौती गरिनु संसदको अपमान हो

काठमाडौ । बालेन सरकार कुनै अँध्यारो कोठामा बसेर निर्णय गर्दछ भने आरोप लागि रहेको बेला सरकारले संसदले अनुमोदन गरिसकेको बजेटमा उल्लेख भएको विषयलाई सम्बन्धित मन्त्रीले निर्णय गरेर उल्ट्याएको छ । पत्रपत्रिकालाई दिँदै आएको लोककल्याणकारी विज्ञापनको रकममा कैँची चलाइएको छ । सञ्चारसम्बन्धी विभिन्न संघ संगठन र नेपाल पत्रकार महासंघसँग भएको वार्तामा सञ्चारमन्त्रीले लोककल्याणकारी विज्ञापनको रकम कटौती नगरिने प्रतिवद्धता गरेका थिए ।

एकातिर सरकारी विज्ञापन सरकारी सञ्चालमाध्यमलाई मात्र दिने निर्णय गरेर सरकारले निजी क्षेत्रबाट सञ्चालन भएका सञ्चारमाध्यमलाई बन्द गराउने नियतका साथ सरकार

>>> बाँकी ८ पेजमा

## स्थानीय तहलाई नै राहत वितरणको जिम्मा देऊ

काठमाडौ । भाद्र १० गते रसुवाको भोटेकोशीमा आएको बाढीले गर्दा ठुलो मात्रामा जनधनको क्षति भएको छ । रसुवाको भोटेकोशीमा बाढीले गर्दा रसुवा, नुवाकोट, धादिङ, गोर्खा र चितवनमा समेत ठुलो क्षति भएको छ भने विकास निर्माणका कार्यहरूमा समेत अवरोध उत्पन्न भएको छ । रसुवामा धेरै हाइड्रोपावर जलविद्युत आयोजना रहेकोमा प्राय यी सबैमा व्यापक क्षति भएको छ । सुरूङभित्र कामदारहरु फसेका छन् भने उनीहरूको समयमा उद्दार हुन सकेको थिएन ।

बाढी पहिरो आएको थाहा पाउने वित्तिकै केन्द्र सरकारले उद्दार र राहतका कार्यक्रमहरु सञ्चालन गरेपनि केन्द्र सरकारले प्रदेश सरकार र स्थानीय सरकारलाई वेवास्ता गर्दै उद्दार र राहतमा समेत उनीहरूलाई सहभागि गराएको थिएन । स्थानीय सरकार जनताको

>>> बाँकी ८ पेजमा

## खाना पकाउने ग्यास वितरणलाई सहज बनाउँदै साल्ट ट्रेडिङ

काठमाडौं । साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडले खाना पकाउने ग्यास आपूर्तिलाई सहज बनाइराख्न निजी ग्यास कम्पनीसँग सहकार्य गर्दै आफ्ना 'एसटिसी सिलिन्डर'मा ग्यास भर्न सुरूआत गरिएको जनाएको छ ।

गत आइतबार धादिङको कृष्णभीरमा त्रिशूली नदीले कटान गरेर पृथ्वीराज मार्ग पूर्ण अवरूद्ध बनाएपछि कर्पोरेशनले नयाँ विकल्पको खोजी गर्दै निजी ग्यास कम्पनीको ग्यास प्लान्टमा आफ्ना 'एसटिसी सिलिन्डर'मा ग्यास भरेर काठमाडौं ल्याउने नीति लिएको हो ।

सो राजमार्ग अवरूद्ध हुँदा कर्पोरेशनको धादिङ जुकेखोलास्थित 'एलपिजी प्लान्ट'मा पनि असर परेको छ । आफ्नो प्लान्टमा ग्यासको बुलेट आउन सम्भव नभएपछि कर्पोरेशनले तत्काल अन्य निजी क्षेत्रका सहज स्थानमा रहेका मनोजसहित बाबा ग्यासका 'प्लान्ट'सँग सहकार्य गरेर आफ्ना खाली सिलिन्डरमा ग्यास भरेर वैकल्पिक मार्गबाट उपत्यका भित्र्याउने प्रबन्ध मिलाएको हो ।

विषम प्राकृतिक विपद्को अवस्थालाई ख्याल गर्दै कर्पोरेशनले उपभोक्तालाई ग्यासको अभाव हुन नदिन यो नीति अवलम्बन गरेको कर्पोरेशनका सहायक प्रमुख कार्यकारी अधिकृत बज्रेश झाले जानकारी दिएका छन् । उनले भनेका छन्, 'पहिलो चरणमा शुक्रबारसम्म ती दुई निजी प्लान्टमा भरिएका आफ्ना ग्यासका सिलिन्डर

>>> बाँकी ८ पेजमा

## प्रदेश र स्थानीय तहका जनप्रतिनिधिलाई संकटमा किन उपेक्षा गरियो ?

काठमाडौ । भोटेकोशी बाढी प्रभावित क्षेत्रमा उद्दार तथा राहत वितरणका लागि प्रदेश सरकार र स्थानीय तह (सरकार)सँग तालमेल नगरेको भन्दै व्यापक गुनासो बढेपछि मात्र संघ सरकारले प्रदेश सरकार र स्थानीय सरकारसँग समन्वय गर्न बाध्य भएको छ । बाढी प्रभावित क्षेत्रमा राहत सामग्री पुगेपनि वितरण हुन नसकेको सडक तथा बैकल्पिक मार्ग सञ्चालनमा ढिलाई भएको र स्थानीय तहको आवश्यकता नजिकबाट पहिचान गर्न सक्ने संयन्त्रलाई केन्द्रीय सरकारले परिचालन नै गर्न नखोजेको गुनासो प्रभावित क्षेत्रका जनप्रतिनिधिहरूले गर्न थालेपछिमात्र सत्ताधारी



दल रास्वपा र रास्वपा नेतृत्वको बालेन सरकारको आँखा खुलेको जस्तो देखिएको छ । स्थानीय तह र प्रदेश सरकारमा रास्वपाको सहभागिता नभएकोले केन्द्र सरकारले प्रदेश सरकार र स्थानीय तहलाई परिचालन गर्न चाहिरहेको थिएन ।

गत आइतबार (भाद्र १४ गते) मात्र रास्वपाका सभापति रवि लामिछानेले बागमती प्रदेशका मुख्यमन्त्री किरण थापा मगर र प्रधानमन्त्री बालेनका नीति योजना कार्यक्रममा सल्लाहकार सुदीप ढकालसँग छलफल गरेका थिए त्यही छलफल पछिमात्र राहत वितरण पुर्नस्थापना

>>> बाँकी ८ पेजमा

## बाढी पीडितलाई आस्थाका आधारमा भेदभाव नगरियोस्

काठमाडौ । रसुवाको भोटेकोशीमा भाद्र १० गते आएको बाढीले गर्दा सबैभन्दा बढी प्रभावित जिल्ला र स्थानीय तह रसुवाकै परेका छन् । बाढी पिडितहरूलाई स्थानीय तहले पुऱ्याउनुपर्ने सहयोग सम्म पुऱ्याउन नसक्ने अवस्थामा केही स्थानीय तह रहेका छन् भने गोसाइकुण्ड गाउँपालिकाका उपाध्यक्ष प्रतिमा तामाङसहित दुई वडाध्यक्ष सम्पर्क विहिन अवस्थामा रहेका छन् भने गाउँपालिका अध्यक्ष केसाङ नर्वु तामाङ आफैं बाढीपिडित रहेका छन् भने उनको ७ जना नातेदार हराईरहेका भएपनि उनीसँग स्थानीय जनताले आफूहरूले राहत नपाएका भन्दै आक्रोश पोखिरहेका छन् ।

गोसाईकुण्ड गाउँपालिका सबैभन्दा पिडित गाउँपालिका रहेको छ । सडक छैन बत्ती छैन टेलिफोन छैन शुद्ध खानेपानी छैन, राहत



वितरण गर्ने मानिसहरु पनि त्यहाँ पुग्न सकेका छैन भने सुरक्षा निकायले मात्र राहत वितरण गर्ने भन्ने बालेन सरकारको निर्णयले गर्दा पिडितहरु भोकभोकै बस्नुपर्ने अवस्थामा रहेका छन् । रास्वपा नेतृत्वको बालेन सरकारले प्रदेश सरकार र स्थानीय तहलाई वेवास्ता गर्दै उद्दार र राहत वितरणमा सुरक्षाकर्मीलाई जिम्मा लगाएको हुनाले पनि स्थानीय जनताले राहत पाउन सकेका छैनन् । गाउँपालिका स्थानीय सरकार भएको र गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र वडाध्यक्षसहित सदस्यहरूले आफ् नो क्षेत्रका जनताका समस्या बुझेका भएपनि उनीहरूलाई उद्दार र राहत वितरणमा सहभागि नगराउनु बालेन सरकारको भूल हो ।

रास्वपाको प्रदेश सरकार र स्थानीय तहमा जनप्रतिनिधिहरूको उपस्थिति नभएकोले गर्दा त्यसको फाइदा विपक्षी दलका नेता तथा कार्यकर्ताहरूले लिन सक्छन् भन्ने सौँचले गर्दा प्रदेश सरकार र स्थानीय सरकारका जनप्रतिनिधिहरूलाई उद्दार र राहत वितरणमा सहभागि गराइएन । सो कार्यका व्यापक विरोध भएपछि मात्र ६ दिनपछि उद्दार र राहत वितरणमा प्रदेश सरकार र स्थानीय तहका जनप्रनिधिहिरूलाई उद्दार र राहत वितरणमा सहभागि गराइएको छ ।

>>> बाँकी ८ पेजमा

## २०७२ को भूकम्पमा जस्तो सक्रियता सरकारले देखाएन ?

काठमाडौ । भाद्र १० गते रसुवाको भोटेकोशीमा आएको बाढीले गर्दा धेरै जनताको ज्यान गएको छ भने खरबौंको क्षति भएको छ । उद्दार र राहत कार्यमा सरकारले सक्रियता देखाउन नसकेको आरोप रास्वपा नेतृत्वको बालेन सरकारमाथि लाग्दै आएको छ । बाढीले गर्दा हजारौं हजार जनता घरबारविहिन अवस्थामा पुगेका छन् तर सरकारले तिनीहरूलाई कसरी व्यवस्थापन गर्ने भन्ने कुनै निर्णय समेत गरेको छैन । बाढी पिडितहरूलाई विभिन्न मित्रराष्ट्रहरूबाट ठुलो मात्रामा आर्थिक सहयोगको घोषणा गरिएको छ भने उद्दारकार्यमा समेत भारत, चीनलगायतका अन्य देशहरूले सघाईरहेका छन् ।

>>> बाँकी ८ पेजमा

# Pakistan's Bold Defence Foray into the Middle East

Dr Muhammad Tayyab Khan

A recent analysis published by Foreign Policy views Pakistan's emerging defense and diplomatic role in the Middle East and North Africa from a perspective that not only signals a clear shift in Islamabad's foreign policy but also points to the bold entry of a new player on the region's geopolitical chessboard. Stretching from Riyadh to Tripoli, from Khartoum to Gaza, and from Tehran to Washington, this new strategy shows that Pakistan is no longer confined to traditional diplomacy. Instead, by integrating military cooperation, defense exports, and strategic mediation, Islamabad is seeking to establish itself as an emerging net security provider.

According to Foreign Policy, this advance is not the result of a momentary reaction but part of a carefully crafted strategic framework. Under this approach, Pakistan aims to convert its military capabilities, battlefield experience, and long-standing ties within the Muslim world into tangible economic and political dividends. Prospective arms deals approximately $1.5 billion with Sudan and nearly $4 billion with Libya indicate that Pakistan now views defence exports not merely as a source of revenue, but as an effective instrument for expanding diplomatic influence. These agreements could not only open new markets for Pakistan's defence industry but also lay the foundation for a long-term Pakistani role within the security architectures of these states.

The expansion of defence cooperation with Saudi Arabia and ongoing discussions on new agreements are considered the most critical element of this evolving landscape. Pakistan–Saudi relations have historically been deep-rooted at religious, military, and economic levels, but at the current juncture, efforts are underway to reshape them within a new strategic framework.

In the light of rising security concerns, the lingering effects of the Yemen conflict, and complex relations with Iran, Riyadh seeks reliable partners capable of providing not only military assistance but also political balance. Pakistan has the capacity to fill this space; however, such a role also exposes it to the risk of becoming directly or indirectly entangled in sensitive regional conflicts.

Turkiye's potential inclusion in this process introduces another compelling dimension. If Pakistan and Turkiye were to align within a Saudi-led defense or security framework, it could herald the emergence of a new power bloc in the Muslim world. Yet the implications would be far from straightforward. In countries like Libya already marked by internal



divisions, external interference, and the lingering threat of civil war the combined presence of Pakistan and Turkiye could further complicate the regional balance of power. This is precisely where opportunity and risk converge, which is perhaps why Turkiye has recently distanced itself from the agreement.

Pakistan currently stands at a delicate yet decisive crossroads. On one side lies a golden opportunity to transform its military and diplomatic strengths into economic gains and enhanced global influence. On the other, the complex politics of the Middle East, sectarian sensitivities, and the competing interests of major powers could draw Pakistan into quagmires from which disengagement would be difficult. The central challenge for Islamabad will be how skillfully it maintains a fine balance between defense activism and diplomatic equilibrium.

Pakistan's expression of interest in a possible international stabilization mission in Gaza reflects another significant shift in its diplomatic thinking. Historically, Pakistan has been a strong supporter of the Palestinian cause, yet it has largely refrained from direct operational involvement on the ground. Should Islamabad genuinely participate in an international or multinational mission, it would not only enhance its global profile but also place it at the heart of the Middle East's most sensitive conflict. Alongside this, indications of Pakistan's willingness to engage in diplomatic efforts aimed at reducing tensions between the USA and Iran suggest an ambition to present itself not merely as a regional actor, but as a broader international mediator.

Proximity to Washington constitutes another key factor in this entire equation. For the USA, Pakistan's growing activities offer an opportunity to share the security burden in the region. At the same time, Washington may harbor concerns that Islamabad's increasing strategic autonomy could eventually limit US influence. For Iran, Pakistan's expanding role is equally double-edged: on one hand, it offers hope for mediation; on the other, Pakistan's closeness to a Saudi-led alignment may raise apprehensions.

Foreign Policy's analysis underscores that Pakistan currently stands at a delicate yet decisive crossroads. On one side lies a golden opportunity to transform its military and diplomatic strengths into economic gains and enhanced global influence. On the other, the complex politics of the Middle East, sectarian sensitivities, and the competing interests of major powers could draw Pakistan into quagmires from which disengagement would be difficult. The central challenge for Islamabad will be how skillfully it maintains a fine balance between defense activism and diplomatic equilibrium.

# Building indigenous strength

Abdul Basit Alvi

Australia has entered into a preliminary, non-binding arrangement with Pakistan to examine the potential acquisition of JF-17 Thunder Block III fighter aircraft, signaling a step toward broader defense cooperation and fleet diversification. The understanding establishes a framework for technical assessments and operational evaluations as part of Australia's wider effort to modernize its air combat forces, adapt to changing regional security conditions, and reduce reliance on a limited set of traditional suppliers. The aircraft is viewed as a flexible and comparatively affordable 4.5-generation option that could complement existing high-end platforms while supporting long-term resilience in procurement and sustainability.

For Pakistan, the agreement represents an important validation of its growing defence manufacturing capabilities and ambitions as an exporter of advanced military equipment. Beyond potential economic benefits, such cooperation is seen as enhancing international credibility and opening pathways for deeper institutional ties, including training, technical support, and joint professional engagement. At the same time, reports of a separate, large-scale defence export deal with Libya— featuring both combat and training aircraft- underscore Pakistan's expanding footprint in the global arms market and highlight the JF-17's emergence as a flagship platform valued for its versatility, cost efficiency, and broad mission applicability.

Pakistan, the reported deal with Libya carries truly substantial economic, industrial, and strategic benefits that will resonate for years. Beyond the immediate and very considerable financial gains which will aid foreign exchange reserves, such a large-scale export agreement has the latent potential to stimulate domestic production to unprecedented levels, create thousands of direct and indirect employment opportunities across the engineering and manufacturing sectors, and support the accelerated development of advanced technological, metallurgical, and systems integration skills within the country's defence sector.

It also strengthens Pakistan's hard-earned credibility as a defence supplier capable of delivering complete and integrated combat and training solutions, which may powerfully open the door to further opportunities in other regions with similar requirements and budget profiles. In this context, independent observers and economists have uniformly described the development as very positive news for Pakistan, as it reflects growing international confidence in its defence products and reinforces the country's broader national ambition to establish itself as a competitive, reliable, and innovative player in the global defence equipment market.

For the citizens of Pakistan, it is deeply encouraging and a profound source of collective national pride to witness the steady, deliberate building of indigenous strength and the visible rise of Pakistan as a recognized defence equipment exporter, a transformation that reflects years, indeed decades, of sustained institutional effort, deliberate institutional learning, patient strategic planning, and considerable national investment.

The profound sense of pride felt by the public is intimately and inextricably tied to the widespread belief that these achievements are the direct result of the Pakistan Army's unwavering dedication, relentless professionalism, and steadfast commitment to national defense and sovereignty, qualities which have collectively enabled the nation to enter what many people now hopefully describe as a promising and indeed golden phase in its strategic, industrial, and national evolution.

In recent times, the Pakistan Army, as the vanguard institution, has demonstrably shown a consistently high level of professionalism, operational preparedness, and tactical capability, which many within the country interpret as clear and unambiguous evidence of its growing excellence and combat readiness, particularly in the tense context of regional challenges and ongoing tensions along its frontiers.

Events such as Marka-e-Haq are widely viewed by the patriotic public as defining moments that reinforced national confidence in the country's defensive posture and vividly highlighted the effectiveness of Pakistan's military leadership, its rigorous training standards, and its improving technological readiness. As a cumulative result, Pakistan has increasingly been perceived, both domestically and abroad, as a strong and resilient state underpinned by a disciplined, professional, and capable army that is adept at safeguarding core national interests while maintaining a credible stance of deterrence.

This growing reservoir of national confidence is, importantly, not limited to domestic perceptions and patriotic sentiment alone, as Pakistan's armed forces and the equipment they operate and now produce have been receiving notable and increasing attention and appreciation in international defense forums and publications.


Defence analysts, military observers, and partner countries have taken a marked interest in Pakistan's demonstrated ability to develop, manufacture, field, and now export reliable military hardware, particularly in niche areas such as aviation, training platforms, armored vehicles, and multi-role combat systems. The operational credibility earned through actual performance in national service and in multinational exercises has played an indispensable role in enhancing external trust in Pakistan's defense products, making them more attractive to pragmatic countries seeking effective yet cost-efficient military solutions without restrictive political strings. This shift is historically significant because it marks a decisive departure from Pakistan's earlier and long-held status as a country largely dependent on foreign suppliers for its defence needs, toward an empowered position where it can confidently offer its own battle-tested equipment to international markets.

The growing interest shown by a diverse set of countries such as Libya, Australia, and others is therefore seen by Pakistanis as a natural and justifiable outcome of the nation's demonstrated military capability and its expanding, sophisticated defense industrial base.

For the people of Pakistan, this development symbolizes tangible national progress, hard-won self-reliance, and the successful integration of hard-earned military experience with growing domestic production capacity and design ingenuity. It also carries broader and more hopeful implications for sustainable economic growth, indigenous technological advancement, and elevated international standing, as serious defense exports contribute not only to financial stability and job creation but also to long-term industrial and scientific development through research and development imperatives.

The profound sense of pride felt by the public is intimately and inextricably tied to the widespread belief that these achievements are the direct result of the Pakistan Army's unwavering dedication, relentless professionalism, and steadfast commitment to national defense and sovereignty, qualities which have collectively enabled the nation to enter what many people now hopefully describe as a promising and indeed golden phase in its strategic, industrial, and national evolution.

# भविष्वले हिमालको मृत्युघण्टा अहिले नसुने, कहिले सुन्ने ?



• राजन कार्की
rajan2012karki@yahoo.com

अतिवर्षा भएकै थिएन, भोटेकोशीमा बाढी भयो, त्रिशूलीमा मिसिएपछि महाकाल बन्यो, महाबिपत्ति भोग्नुपऱ्यो । यसपछि यतिबेला तर्क वितर्क उठिरहेका छन् कि हिमाल र हिमाली क्षेत्रका ताल नै नेपालका लागि जोखिमयुक्त छन् । जलवायु परिवर्तन, औद्योगिकीकरणले तापक्रम बढ्नु, हिमानदी टुक्रिनु, पग्लिनु, चट्टान खस्नु र प्राकृतिक बाँध फुट्नु अकल्पनीय प्राकृतिक विपदको कारण हो ।

भदौ १० गते हिमालले खबरदारी गऱ्यो, मृत्यघण्ट बजाइदियो । प्रकृतिले धेरैचोटी यस्ता मृत्युघण्ट बजाएको हो, हामीले सुनेनौं । सुने पनि नसुनेझैं गऱ्यौं । सचेत हुनुपर्थ्यो, भएनौं । जसको धेरै ठूलो मूल्य देश र जनताले बेहोर्नुपऱ्यो ।

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)को कार्यालय राजधानीमै छ । लामो समयदेखि हिउँ र हिमनदी, जलवायु परिवर्तनका विषयमा अनुसन्धान र यसबारे जानकारी प्रशारित गरिरहेकै छ । इसिमोडले दिएका जानकारीलाई समेत सरकारले फलो गर्न सकेन । जसका कारण हजारौं हजारको ज्धनजनको क्षति भयो, विकासका संरचना ध्वस्त हुनपुग्यो ।

यसकारण प्रश्न उठेको छ– भोलिका दिनमा यस्तै अथवा योभन्दा ठूलो विपत्ति आयो भने के गर्ने ? समयले राष्ट्रका सामु उठाएको यक्ष प्रश्न हो यो । यो सवालको जवाफ आजैदेखि खोज्न थालिहाल्नुपर्छ । जोखिमको मूल्यांकन र पूर्वसूचना प्रणालीको लागि सीमापार सहकार्य जरूरी देखिएको छ । हिमालले खबरदारी गरिदियो– हिमाली ताल फुट्यो, भोटेकोशीमा बाढी आयो र यो बाढीले रसुवा, नुवाकोट, गोरखा र चितवनको जनजीवनलाई ध्वस्तनष्ट पारिदियो । यो बाढीको ताण्डवलाई विश्वले देख्यो, जलवायु परिवर्तनको जोखिम कुन हदसम्मको हुनेरहेछ, यस क्षेत्रका ज्ञाता, संस्थाहरूलाई झसङ्ग झस्काएर गएको छ । नेपालले जलवायु परिवर्तनको ठूलै मूल्य चुकाएको छ । धेरै जनधनको क्षति बेहोरेर नेपालले चुकाएको यो मूल्यबारे जलवायु न्यायकर्तासँग न्यायको माग गरिरहेको छ ।

कार्वन उत्सर्जन गर्ने मुलुकका लागि नेपालको यो घटना ताजा र गम्भीर शिक्षा पनि हो । प्रविधिको प्रयोग जरूरी छ, वनको संरक्षण र कार्वनश्रेयको न्यायपूर्ण वितरणमार्फत हिमालयको गरिमा, महिमा र जोखिमसँग सहअस्तित्व मानव जीवनमा कति महत्वपूर्ण रहेछ भन्ने सन्देश पनि दिएको छ । भोटेकोशी बाढीले नेपाली जीवनमा मात्र शोक र भोक बढाएको छैन, मानवीय संवेदनलाई नै रूवाएको छ । प्रकृतिको यो ताण्डवले मान्छेमात्र होइन, हिमाल, पहाड र देशका पूर्वाधार पनि घाइते भएका छन् । धेरै विषयमा सोच्न बाध्य पारिदिएको छ । हामीले प्रकृतिसँग खेलबाड गऱ्यौं, सन्तुलन बिगाऱ्यौं, जसले बिनाशकारी परिणाम भोग्न अभिशप्त बनेका हौं । विश्वका सामु वातावरणीय संवेदनशीलता जरूरी देखियो ।

जलवायु परिवर्तन मुख्य मुद्दा हो । पृथ्वीको तापक्रम बढेको छ । बेमौसी वर्षा, फूल फुल्ने, फल लाग्ने भइरहेको पनि देखेका छौं । सेतो हिमाल कालाम्मे हुँदैछ । हामीले प्रकृतिको बरदान भनेर प्रकृतिलाई लुटिरह्यौं, प्रकृतिलाई दिनैपर्ने सुरक्षा दिएनौं, असुरक्षित आफै बन्यौं । प्रकृतिबाट समृद्धि खोजिरह्यौं, प्रकृतिलाई दोहन गरिरह्यौं । वायु मण्डलको विषयमा सोचेनौं । यसैको दुस्प्रभाव हिमालदेखि समुद्रसम्म फैलियो । जलवायु परिवर्तनको असर भोग्ने मध्येमा नेपाल पनि छ । हाम्रा हिमालहरु जलवायु परिवर्तनका असरहरु बोकेर खण्डित, बिखण्डित हुँदैछन् ।

नेपालको यो खति, क्षतिको आवाज, क्षतिपूर्तिको आवाज विश्वमञ्चसम्म पुऱ्याउनु पर्छ । नेपालले हिमालको संरक्षण, जलवायु अनुकूलन, प्रविधि हस्तान्तरण, पाउनैपर्ने न्यायपूर्ण क्षतिपूर्तिका विषयमा समेत विश्वसामु आवाज उठाउनै पर्ने देखिन्छ । भदौ २३ गते, सेप्टेम्बर ८ देखि न्यूयोर्कमा राष्ट्रसंघको शिखर सम्मेलन हुँदैछ । नेपालले त्यो मञ्चबाट अन्तर्राष्ट्रिकरण गर्न जरूरी देखिन्छ । विश्वका नजरमा पारिनुपर्छ कि भोटेकोशीको बाढीले गरेको बिनासलीलाका दृश्यहरु विनाशकारी छन् । पानी, बरफ, माटो र ढुंगासँगै मान्छेको जीवन, सपना सबै बाढीको भेलमा हिमालयदेखि उपत्यकाहरूमा बग्यो । घर, सहर, सडक र पुलहरु बगाए । मानिस कहाल्लीएका थिए, तिनलाई प्रतिक्रिया दिने समय नै थिएन । फेरि एकपटक, पुस्तौंदेखि यी हिमालसँगै बस्ने मानिसहरु आफ्नो नियन्त्रणभन्दा बाहिरका प्राकृतिक शक्तिसँग जुधिरहेका छन् । प्रकृतिसँग समन्वय नगर्दा मानिसले भोग्ने यस्तै बिपत्ति रहेछ । नेपालले उद्धार र राहतपछि पुननिर्माण गर्नुछ । त्रिशुली सभ्यता, हिमालको संरक्षण गर्नुछ । असलमा जलवायु परिवर्तनले हिन्दुकुश–हिमालय तात्दैछ । हिउँ पग्लदै छ, हिमनदीहरु फुट्दैछन् । हिमतालको शान्तस्थिति बदलिएको छ । जसले समाजलाई अस्थिरतामा धकेल्दैछ । चरम वर्षा, चरम घाम, चरम मानिसको लापरवाहीले विपत्तिका खतराहरु दिनदिनै बढ्दै गएका छन् । झण्डै दुई अर्व मानिस हिमाल र नदीप्रणालीसँग गाँसिएका छन् । हिमाल जीवन पनि हो, मृत्यु पनि । इसिमोडको अनुसन्धानका बारेमा पनि विश्वलाई अवगत गराउनुपर्नेछ ।

नेपालमा आएको बाढीको महाविपद् प्राकृतिक बिपद् थियो, बदलिदो हिमाली वातावरणको थियो ।

विज्ञहरु भन्छन्– पृथ्वीमा तापक्रम बढ्दै गएको छ । त्यसको परिणामस्वरूप हिउँ, बरफ र चट्टानको ठूलो मात्रा एकैपटक खस्ने जोखिम छ । त्यस्तो सामग्रीले नदी थुन्ने, अस्थायी ताल वा बाँध बनाउने र पछि त्यो बाँध फुट्दा भदौ १० मा भोटेकोशीमा आएकोजस्तो अकल्पनीय बाढी आउनसक्छ । जलवायु परिवर्तनले भयानक बम बिस्फोट भएझैं बाढी उत्पन्न गर्ने र शान्त हिमाली प्रणालीलाई बिथालिदिएको छ । भोटेकोशीको बाढीले अपार धनजनको, पूर्वाधारको बिनष्ट गरेर गएको छ । यसकारण यस्ता विपद् आउनु अघि नै जोखिम थाहा पाउनुपर्ने र सावधानी अपनाउनु पर्ने उपायहरूको अवलम्बन गर्नुपर्ने भएको छ । यो चुनौती आजको मात्र होइन, भविष्यका लागि पनि हो ।

नेपालको कार्बन उत्सर्जन नाममात्रको छ । तर यसको सजाय नेपालले पाएको छ । दुस्प्रभाव नेपालमा परेको छ । विकसित मुलुकको कार्बन उत्सर्जन र जलवायु परिवर्तनको प्रभावले हिमनदी पग्लिने, हिमताल बढ्ने, पहिरो र आकस्मिक बाढीको जोखिम बढ्ने तथा हिमाली पूर्वाधार असुरक्षित पार्ने काम भएको छ । नेपाली जनजीवन, पूर्वाधार, विकास र जलवायु न्यायको गम्भीर विषय हो । यसकारण हिमालको आवाज राष्ट्रसंघमा गुन्जिनुपर्छ ।

विश्वका बैज्ञानिकहरूले नेपालमा उभिएर हिमाली विज्ञानका विषयमा अध्ययन र अनुसन्धान गर्न सक्छन् ।

विश्वशक्तिको प्रतिस्पर्धा होलान्, राजनीतिक र कूटनीतिक द्वन्द्व पनि छन् । तर हिमालले खोज्ने जलवायु परिवर्तन र प्रकृति र मानिसवीच सन्तुलन नै हो ।

हिमाली देश नेपाल हिमालयमा जलवायु परिवर्तनका परिणामहरूबाट सबैभन्दा बढी पर्ने र प्रभावित पार्ने गर्छ । विश्ले बुझ्नुपर्छ, बुझाउनु पर्छ कि नेपाल हिमनदी, नदी, जलवायु, भूगोल, र पर्वतीय जोखिम अध्ययन गर्ने वैज्ञानिकहरूका लागि नेपाल जीवित प्रयोगशाला बन्नसक्छ । नेपालले जलवायु क्षेत्रमा अध्ययन गर्न चाहनेहरूलाई आमन्त्रण गर्नु उचित हुनेछ । नेपालले कुनै प्रतिस्पर्धा गर्नुछैन, नेपाललाई चाहिने सहकार्य हो । सहकार्यका लागि नेपाल तत्पर हुनुपर्छ, तत्परता देखाउनु पर्छ । हिमाल मानिसको जीवनसँग गाँसिएको विषय हो ।

नेपालमा भोटेकोशीको महाविपदबारे विश्वलाई थाहा भइसक्यो । हिमाल, हिमाली जनजीवन, पानीको विषयमा विश्वलाई गुहार्न बिर्सनु हुन्न । राष्ट्रसंघको १९५५ देखिको सदस्य नेपालले सेप्टेम्बर ८ मा सुरु हुने ८१औं बैठकमा नेपालले अगुवाई लिएर हिमाली जनजीवन, जलवायु परिवर्तनमा विश्वको ध्यान आकर्षित गरेर नेपालले भोगेको प्रलयजस्तै महाविपदबारे विश्वलाई गुहार्ने अवसर पनि छ । विश्वले नेपालमा के के भयो, कसरी महाकाल बनेर बाढी आयो, जलवायु परिवर्तनबारे नेपालको धारणा के छ ? सबै कुरा बुझ्न उत्सुक छन् । हुन त विश्वले नेपाललाई मानवीय सहयोग गरिरहेका छन् । नेपाल सरकारको तर्फबाट सम्पूर्ण जानकारी लिन विश्व समुदाय आतूर पनि छन् । यसकारण यो अवसर नेपालले गुमाउनु हुन्न । नेपालका लागि विश्व समुदायको साथ सहयोग र सहकार्य अति जरूरी छ ।



पढथ्यौ हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं।

- अभियानवाणी

अभियान
साप्ताहिक

## सम्पादकीय

## प्रधानमन्त्री, मन्त्रीहरू र सांसदमाथि जनताको प्रश्न

यहि भाद्र १० गते रसुवाको भोटेकोशीमा आएको बाढीले गर्दा नेपाल र नेपाली जनताको ठुलो नोक्सान भएको छ। हप्तादिन भन्दा बढी भएपनि सरकारले पिडितलाई उचित अस्थायी व्यवस्थापन सम्म गर्न सकेको छैन। रसुवाको वेत्रावतीलगायतका क्षेत्रहरू खण्डहर भएका छन्। बाढी पहिरोले गर्दा मुलुकको कुल बजेटको झण्डै २० प्रतिशत नोक्सान भएको अनुमान गरिएका छ भने करिब सात अर्ब देखि १० खर्ब सम्मको भौतिक नोक्सान भएको छ। ठुलो संख्याम जनताले ज्यान गुमाउनु परेको दुःखद अवस्थामा हामी नेपाली रहेका छौं।

अहिले मुलुकमा रास्वपा नेतृत्वको बालेन सरकार रहेको छ। बाढी पिडितहरूलाई जनताले आफ्नो गाँस कटाएर गच्छेनुसारको सहयोग गरिरहेका भएपनि प्रधानमन्त्री बालेन र उनको नेतृत्वको सरकारका मन्त्रीहरूले पाउने तलब एक महिनाको प्रधानमन्त्री उद्दार कोषमा जम्मा गर्ने उद्घोष गरेका छन्। बालेन सरकारका मन्त्रीहरूले सार्वजनिक गरेको सम्पत्ति विवरणमा दुई सय तोला सुन सम्म रहेका, काठमाडौंभित्र २/३ वटा घर र बैंकमा करोडौं रुपैंया रहेको देखाउने मन्त्रीहरूले आफ्नो निजी सम्पत्तिबाट बाढी पिडितलाई १ पैसासम्म सहयोग गर्ने उद्घोष नगर्नुले सरकारले बाढी पिडित जनतालाई सहयोग गर्न अपिल गर्नुको कुनै अर्थ रहँदैन। जनताले आफूले खाइनखाई सञ्चि गरेको थोरै रकमबाट पनि बाढी पिडित नेपाली दाजुभाई, दिदीबहिनीहरूलाई सक्दो सहयोग गरिरहेका छन् तर प्रधानमन्त्री देखि लिएर मन्त्रीहरू सांसदहरू उच्च तहका कर्मचारीहरू लगायतले व्यक्तिगत सम्पत्तिबाट सहयोग गर्ने उद्घोष गर्न नसकेकाले जनतामा एक प्रकारको आक्रोश उब्जिएको छ। के प्रधानमन्त्री र मन्त्री अनि सांसदहरूको आफ्नो व्यक्तिगत सम्पत्ति छैन/थिएन भने किन करोडौं रुपैंया बैंकमा रहेको काठमाडौ उपत्यकाभित्र २/३ वटा घर रहेको र २०० तोलासम्म सुन आफूहरूसँग रहेको सम्पत्ति विवरण सार्वजनिक गरेत भन्ने प्रश्न समेत उब्जिएको छ। त्यसबेला आफूसँग नभएको सम्पत्ति विवरण सार्वजनिक गर्नु भनेको भ्रष्टाचार गरेर कमाउँछौं भन्ने खोज्नु नै हो। उनीहरूले आफूहरूको सम्पत्ति त्यति भएका भए किन आफ्नो सम्पत्तिबाट केही रकम बाढी पिडितहरूलाई दिएनन् र एक महिनाको तलब मात्र दिने भनेर उदघोष गरे त भन्ने प्रश्न समेत अहिले उठेको छ।

बाढी पिडित भएका जनतालाई सहयोग गर्नु नेपाली जनताको धर्म र कर्तव्य नै हो। नेपाली जनताले आफ्नो दाजुभाई दिदिबहिनी, आमाबुवामाथि जहिलेपनि अप्ठ्यारो पर्दा सक्दो सहयोग गर्दै आएको इतिहास साँक्षी रहेको छ। चाहे त्यो २०७२ सालको भुइचालो होस्, चाहे त्यसअघि भउका कतिपय संकटपूर्ण अवस्थामा होस्। जनताले आफूले गाँस कटाएर आफ्ना दाजुभाई दिदिबहिनीलाई गरेको सहयोगमाथि समेत भ्रष्टाचार हुने गरेको इतिहास साक्षी रहेकाले अहिले त्यस्तो नहोस् भनि हामी बालेन सरकारसँग आग्रह गर्दछौं। समस्यामा परेका बेला समाजका केही तत्वलहरूले फाइदा उठाउन सक्ने भएकाले त्यसतर्फ पनि सरकार र जनताको ध्यान जानु आवश्यक रहेको छ। विपद्को बेला कालाबजारीहरूले समेत फाइदा लिन सक्ने भएकाले रसुवा, चितवन, धादिङ, नुवाकोट, गोर्खा र तनहुँ प्रशासनले कडा रुपमा अनुगमन गरी अप्ठरोको फाइदा लिनेहरूलाई कडा कारबाही गनुपर्ने आवश्यकता देखिन्छ।

बालेन सरकारले पहिला नै विदेशी उद्दारकर्मीहरूलाई नेपाल आउने अनुमति दिएको भए समस्याका केही कमी आउन सक्ने अवस्था रहेको थियो। नेपालमा दैवी विपत्तिको बेला सुरुङमार्ग भित्र पसेर उद्दार गर्न सक्ने जनशक्ति कम भएकाले गर्दा सुरुङमार्गभित्र पसेर उद्दार गर्न सक्ने जनशक्ति र प्राविधिकरुलाई बेलैमा अनुमति दिनुपर्नेमा सरकार चुकेको छ। हाम्रो सुरक्षा निकायहरूबाट मात्र प्रर्याप्त मात्रामा यति ठुलो संकटको बेला समयमै उद्दार हुन सक्ने अवस्था थिएन। हाम्रो सुरक्षाकर्मीहरूले प्राणको बाजी लगाएर जनताको उद्दार र सेवा गरिरहेका भएपनि घटना ठुलो र व्यापक क्षति भएकाले प्रर्याप्त सहयोग पाउन सकेको थिएन, त्यसै कारणले गर्दा पहिला बालेन सरकार चुकेका भएपनि पछिल्लो समयमा उद्दारका लागि विदेशी उद्दारकर्मीहरूलाई उद्दार गर्ने अनुमति दिएको छ। यस्तो दैवी प्रकोपको बेला यो र त्यो पार्टी भन्न छाडेर मानवीयताको लागि सबैले सक्दो सहयोग गरौं भन्ने हाम्रो आग्रह रहेको छ। बाढी पिडित भएर ज्यान गुमाउनेहरूप्रति हार्दिक श्रद्धाञ्जली र घाइतेहरूको शिघ्र स्वास्थ्य लाभको कामना हामी गर्दछौं।

# विपत्तिको समयमा आपूर्ति व्यवस्थापनको प्रश्न

**माधव तिमल्सिना**

रसुवाको भोटेकोशीमा आएको बाढी र धादिङको कृष्णभिरमा आएको पहिरो तथा सडक अवरोधले नेपालको कमजोर पूर्वाधार मात्र होइन, हाम्रो आपूर्ति व्यवस्थापन प्रणालीको वास्तविक अवस्थासमेत उजागर गरेको छ । प्राकृतिक विपत्ति आफैँमा मानव नियन्त्रणबाहिरको विषय हो । बाढी, पहिरो, वर्षा वा भूकम्पलाई रोक्न सकिँदैन । तर, प्राकृतिक विपत्तिपछि नागरिकको दैनिक जीवनमा उत्पन्न हुने अभाव, असहजता, कालोबजारी, कृत्रिम मूल्यवृद्धि, गुणस्तरहीन वस्तुको कारोबार र खाद्य सुरक्षामा आउन सक्ने जोखिमलाई भने राज्यको प्रभावकारी पूर्वतयारी र जिम्मेवार बजार व्यवस्थापनबाट धेरै हदसम्म नियन्त्रण गर्न सकिन्छ । भोटेकोशी बाढीले सडक, पुल तथा भौतिक संरचनामा ठुलो क्षति पुऱ्याएको छ । काठमाडौंलाई देशका विभिन्न भागसँग जोड्ने महत्वपूर्ण सडकखण्ड कृष्णभिरमा पहिरोका कारण सडक अवरूद्ध हुँदा त्यसको प्रत्यक्ष प्रभाव राजधानीको आपूर्ति प्रणालीमा पर्न थालेको छ । काठमाडौं उपत्यका दैनिक उपभोग्य वस्तुका लागि बाहिरी जिल्लाबाट आउने आपूर्तिमा निर्भर रहेको अवस्थामा प्रमुख राजमार्गमा आएको अवरोध सामान्य यातायात समस्या मात्र नभई राष्ट्रिय आपूर्ति सुरक्षासँग जोडिएको गम्भीर विषय हो ।

सडक अवरूद्ध हुँदा किसानले उत्पादन बजार पठाउन सक्दैनन्, उद्योगले कच्चा पदार्थ पाउन सक्दैनन्, व्यापारीले सामान ल्याउन सक्दैनन् र अन्ततः उपभोक्ताले त्यसको मूल्य चुकाउनुपर्छ । आपूर्ति घटेपछि बजारमा माग र आपूर्तिको सामान्य सन्तुलन बिग्रन सक्छ । त्यसको परिणामस्वरूप तरकारी, फलफूल, खाद्यान्न, ग्यास, इन्धन, औषधि तथा अन्य अत्यावश्यक वस्तुको मूल्यमा दबाब पर्न सक्छ । यस्तो अवस्थामा वास्तविक लागतका कारण केही मूल्य परिवर्तन हुनु स्वाभाविक भए पनि विपत्तिलाई अवसर बनाएर अस्वाभाविक मूल्यवृद्धि गर्ने, सामान लुकाउने, कृत्रिम अभाव सिर्जना गर्ने वा उपभोक्तालाई ठग्ने प्रवृत्ति कुनै पनि अवस्थामा स्वीकार्य हुन सक्दैन ।

विपत्तिको समयमा बजारमा देखिने सबैभन्दा ठुलो खतरा कहिलेकाहीँ वास्तविक अभावभन्दा पनि अभावको मनोविज्ञान हुने गर्छ । सडक बन्द भयो भन्ने समाचार आउनासाथ उपभोक्ता आत्तिएर आवश्यकताभन्दा धेरै खाद्यान्न, ग्यास, इन्धन वा अन्य सामग्री सञ्चय गर्न थाले भने बजारमा कृत्रिम माग सिर्जना हुन्छ । एउटा परिवारले आवश्यकताभन्दा धेरै सामान थुपार्दा अर्को परिवारले त्यही वस्तु नपाउने अवस्था आउँछ । त्यसैले, संकटको समयमा सरकार मात्र होइन, उपभोक्ता पनि जिम्मेवार बन्नुपर्छ । आवश्यकताअनुसार मात्र खरिद गर्ने, अफवाहका आधारमा सामान नथुपार्ने र बजारमा अनावश्यक दबाब नबनाउने व्यवहार अहिलेको आवश्यकता हो । तर, उपभोक्तालाई संयमित बन्न आग्रह गरेर मात्र राज्यको दायित्व पूरा हुँदैन । सरकारसँग आपूर्ति व्यवस्थापनको स्पष्ट योजना हुनुपर्छ । राजधानीमा कति खाद्यान्न मौज्दात छ, कति ग्यास उपलब्ध छ, इन्धनको अवस्था के छ, औषधिको मौज्दात कति छ, तरकारी तथा फलफूल कहाँबाट आउँदै छ र प्रमुख सडक बन्द हुँदा वैकल्पिक आपूर्ति मार्ग कुन हो भन्ने विषयमा सरकारसँग अद्यावधिक तथ्यांक हुनुपर्छ । विपत्तिको समयमा बजारसम्बन्धी सूचना लुकाउने वा अस्पष्ट सूचना दिने प्रवृत्तिले उपभोक्तामा झन् त्रास पैदा गर्छ । त्यसैले, सरकारले नियमित रूपमा वास्तविक आपूर्ति अवस्था सार्वजनिक गर्नुपर्छ । सरकारले अहिलेको अवस्थालाई केवल सडक खुलाउने कामका रूपमा मात्र बुझ्नुहुँदैन । सडक खोल्नु आवश्यक छ, तर समानान्तर रूपमा आपूर्ति नियमित गर्ने काम पनि अगाडि बढाउनुपर्छ । प्रमुख राजमार्ग अवरूद्ध भएको अवस्थामा वैकल्पिक सडकमार्गको प्रयोग, अत्यावश्यक वस्तु बोकेका सवारीलाई प्राथमिकता, आवश्यक परे साना मालवाहक सवारीमार्फत ढुवानी, जोखिमपूर्ण सडकमा सुरक्षित यातायात व्यवस्थापन र आपूर्ति नटुट्ने गरी प्रशासनिक समन्वय गर्न आवश्यक छ । विपत्तिको समयमा अत्यावश्यक वस्तुको ढुवानीलाई सामान्य व्यावसायिक ढुवानीभन्दा फरक प्राथमिकतामा राख्नुपर्छ ।

नेपालको आपूर्ति प्रणालीमा देखिएको अर्को कमजोरी भनेको रणनीतिक मौज्दातको अभाव हो । राजधानीजस्तो ठुलो उपभोक्ता बजार केही प्रमुख राजमार्गमा अत्यधिक निर्भर हुनु आफैँमा जोखिमपूर्ण अवस्था हो । सामान्य अवस्थामा बजारले माग र आपूर्ति व्यवस्थापन गर्न सक्छ । तर, प्राकृतिक विपत्तिको समयमा बजार संयन्त्र मात्र पर्याप्त हुँदैन । राज्यले खाद्यान्न, औषधि, ग्यास, पेट्रोलियम पदार्थ तथा अन्य अत्यावश्यक वस्तुको न्यूनतम रणनीतिक मौज्दातको व्यवस्था गर्नुपर्छ । राजधानी मात्र होइन, प्रदेश तथा स्थानीय तहमा पनि संकटका वेला प्रयोग गर्न सकिने आवश्यक वस्तुको बफर स्टक राख्ने प्रणाली विकास गर्न आवश्यक छ ।

विपत्तिले एउटा अर्को गम्भीर प्रश्न पनि उठाएको छ– हामीले बजार अनुगमनलाई कत्तिको प्रभावकारी बनाएका छौं ? विपत्तिको समयमा अनुगमन झन् प्रभावकारी हुनुपर्ने हो । तर, हाम्रो अभ्यास धेरैजसो चाडपर्व वा संकटका वेला केही पसलमा पुगेर अनुगमन गर्ने, जरिवाना गर्ने र त्यसको समाचार सार्वजनिक गर्नेमा सीमित देखिन्छ । अब यस्तो परम्परागत शैलीबाट बाहिर निस्कनुपर्छ । बजार अनुगमन केवल खुद्रा पसलसम्म सीमित हुनु हुँदैन । वस्तु कहाँबाट आयो, कसले आयात गऱ्यो, कहाँ भण्डारण भयो, कुन मूल्यमा थोकमा बिक्री भयो र उपभोक्तासम्म पुग्दा कति मूल्य थपियो भन्ने सम्पूर्ण आपूर्ति शृंखलाको अध्ययन आवश्यक छ । विपत्तिको समयमा सबैभन्दा पहिले गोदाम र थोक बजारको अवस्था बुझ्नुपर्छ । बजारमा सामान नभएको हो कि सामान भएर पनि बाहिर नल्याइएको हो भन्ने तथ्य पत्ता लगाउनुपर्छ । कतिपय अवस्थामा व्यापारीसँग पर्याप्त मौज्दात हुँदाहुँदै पनि अभावको हल्ला फैलाएर मूल्य बढाउने प्रवृत्ति देखिन सक्छ । त्यस्तो अवस्था देखिन्छ भने सम्बन्धित निकायले प्रमाणका आधारमा तत्काल कारबाही गर्नुपर्छ । कालोबजारी, कृत्रिम अभाव र अनुचित मूल्यवृद्धिलाई सामान्य व्यापारिक व्यवहारका रूपमा स्विकार्ने हो भने उपभोक्ता संरक्षणको अर्थ नै रहँदैन । व्यवसायी पनि यस संकटमा राज्यका साझेदार हुन् । व्यवसायीविना आपूर्ति प्रणाली सञ्चालन हुन सक्दैन । त्यसैले, सबै व्यवसायीलाई एउटै दृष्टिले हेर्नु उचित हुँदैन । संकटको समयमा इमानदार रूपमा आपूर्ति कायम राख्ने व्यवसायीलाई राज्यले सहजीकरण र संरक्षण गर्नुपर्छ । तर, विपत्तिको नाममा उपभोक्ताको बाध्यतालाई नाफा कमाउने अवसर बनाउने व्यवसायीमाथि कानुनअनुसार कडा कारबाही हुनुपर्छ । व्यापार गर्नु अधिकार हो, तर उपभोक्तालाई ठगेर नाफा कमाउनु अधिकार होइन । अर्को महत्वपूर्ण विषय खाद्य स्वच्छताको हो । बाढी, पहिरो र लामो समयसम्मको सडक अवरोधपछि खाद्यवस्तुको गुणस्तरमा असर पर्न सक्छ । विशेषगरी, पानीमा भिजेका खाद्यान्न, क्षतिग्रस्त प्याकेजिङ भएका वस्तु, उचित तापक्रममा भण्डारण नभएका मासु तथा दुग्धजन्य पदार्थ र लामो समयदेखि ढुवानीमा रोकिएका खाद्य सामग्री उपभोक्ताको स्वास्थ्यका लागि जोखिमपूर्ण हुन सक्छन् । यस्तो अवस्थामा खाद्यवस्तुको गुणस्तर परीक्षण र बजार निरीक्षण सामान्य समयभन्दा अझ प्रभावकारी हुनुपर्छ । बाढीपछि खानेपानी दूषित हुने, फोहोर व्यवस्थापनमा समस्या आउने र खाद्यवस्तु दूषित हुने सम्भावना बढ्छ । यसले झाडापखाला, खाद्य विषाक्तता तथा अन्य पानीजन्य रोग फैलिने जोखिम बढाउन सक्छ । त्यसैले, अहिले नै स्वास्थ्य तथा खाद्य सुरक्षा निकायबिच समन्वय आवश्यक छ । सम्भावित महामारी फैलिसकेपछि नियन्त्रण गर्नुभन्दा जोखिमको पहिचान गरेर सुरूदेखि नै रोकथाम गर्नु बुद्धिमानी हुन्छ ।

बाढी र पहिरोबाट प्रभावित क्षेत्रमा राहत सामग्री वितरण गर्दा पनि खाद्य सुरक्षालाई विशेष प्राथमिकता दिनुपर्छ । राहतका नाममा म्याद नाघेका, प्याकेजिङ बिग्रिएका वा मानव उपभोगका लागि अनुपयुक्त खाद्य सामग्री वितरण हुनुहुँदैन । विपत्तिमा परेका नागरिकलाई सहयोग गर्ने नाममा गुणस्तरहीन वस्तु खपत गराउने प्रवृत्ति झन् अमानवीय हुन्छ । राहत सामग्रीको गुणस्तर, म्याद, भण्डारण र वितरण प्रणालीको पनि नियमित अनुगमन हुनुपर्छ ।

यस अवस्थामा सञ्चार माध्यम र सामाजिक सञ्जालको भूमिका पनि अत्यन्त महत्वपूर्ण हुन्छ । अपुष्ट सूचना, अफवाह र डर फैलाउने सामग्रीले आपूर्ति प्रणालीमा थप दबाब सिर्जना गर्न सक्छ । त्यसैले, नागरिकले कुनै पनि सूचना सेयर गर्नुअघि त्यसको सत्यता जाँच्नुपर्छ । सञ्चार माध्यमले पनि सनसनी फैलाउनेभन्दा तथ्यमा आधारित सूचना प्रवाह गर्नुपर्छ । सरकारले पनि सूचना लुकाउने होइन, सत्य र स्पष्ट सूचना समयमै सार्वजनिक गर्नुपर्छ । सरकारको मौनताले अफवाहलाई ठाउँ दिन्छ भने पारदर्शी सूचनाले जनताको विश्वास कायम गर्छ । संकटको समयमा उपभोक्ताको अधिकार अझ संवेदनशील हुन्छ । उपभोक्ताले उचित मूल्यमा गुणस्तरीय वस्तु तथा सेवा पाउने अधिकार राख्छ । संकट आयो भन्दैमा यी अधिकार निलम्बित हुँदैनन् । बरू विपत्तिको समयमा राज्यले उपभोक्ता अधिकारको संरक्षणलाई अझ प्राथमिकता दिनुपर्छ । मूल्यमा पारदर्शिता, गुणस्तरमा सुनिश्चितता, सही तौल, बिलको उपलब्धता, सुरक्षित खाद्य वस्तु र आवश्यक वस्तुको सहज उपलब्धता सुनिश्चित गर्नु सरकारको दायित्व हो ।

कृष्णभिरको सडक अवरोध र भोटेकोशीको बाढीले तत्कालीन संकट समाधानसँगै दीर्घकालीन सुधारको आवश्यकता देखाएका छन् । अब एउटा सडक वा नाकामा निर्भर आपूर्ति प्रणालीबाट बाहिर निस्कनुपर्छ । वैकल्पिक सडक, भण्डारण केन्द्र, शीतभण्डार, रणनीतिक गोदाम र आपत्कालीन ढुवानी प्रणालीको विकास गर्नुपर्छ । काठमाडौं उपत्यकाजस्तो ठूलो उपभोक्ता बजारका लागि विपत्तिको समयमा कति दिनसम्म बजारलाई धान्न सकिन्छ भन्ने आधारमा रणनीतिक मौज्दातको वैज्ञानिक व्यवस्था हुनुपर्छ । स्थानीय उत्पादनलाई पनि आपूर्ति सुरक्षासँग जोड्नुपर्छ । राजधानीमा बाहिरबाट मात्र खाद्यान्न र तरकारी आउने संरचनाले संकटको जोखिम बढाउँछ । उपत्यकाआसपासका जिल्लाको उत्पादनलाई बजारसँग जोड्ने, स्थानीय उत्पादनको भण्डारण र वितरण प्रणाली बलियो बनाउने तथा किसानको उत्पादन विपत्तिको समयमा पनि बजारसम्म पुग्ने वैकल्पिक संयन्त्र विकास गर्नुपर्छ । सरकारले अब विपत् व्यवस्थापनलाई राहत, उद्धार र पुनर्निर्माणमा मात्र सीमित राख्नुहुँदैन । विपत् व्यवस्थापनको एउटा महत्वपूर्ण अंग आपूर्ति व्यवस्थापन र उपभोक्ता संरक्षण पनि हो भन्ने मान्यता स्थापित गर्नुपर्छ । प्राकृतिक विपत्ति आएपछि राहतको ट्रक पुग्नु आवश्यक छ, तर त्यससँगै बजारमा दैनिक उपभोग्य वस्तुको आपूर्ति कसरी कायम राख्ने भन्ने योजना पनि तयार हुनुपर्छ । यसका लागि संघीय, प्रदेश र स्थानीय सरकार, जिल्ला प्रशासन, सुरक्षा निकाय, यातायात व्यवसायी, उद्योगी, आयातकर्ता, थोक तथा खुद्रा व्यवसायी, खाद्य तथा औषधि नियमन गर्ने निकाय र उपभोक्ता अधिकारकर्मीबिच प्रभावकारी समन्वय आवश्यक छ ।

अहिलेको अवस्था सरकारका लागि इमानदारीको परीक्षा हो । सरकारको जिम्मेवारी भनेको समस्या लुकाउनु होइन, स्वीकार गरेर समाधानका लागि प्रभावकारी कदम चाल्नु हो । सडक अवरूद्ध छ भने त्यसको वास्तविक अवस्था सार्वजनिक गर्नुपर्छ । आपूर्तिमा समस्या छ भने कहाँ र कति समस्या छ भनेर नागरिकलाई जानकारी दिनुपर्छ । मौज्दात पर्याप्त छ भने त्यसको तथ्यांक सार्वजनिक गरेर उपभोक्तामा विश्वास पैदा गर्नुपर्छ । कालोबजारी भएको छ भने कारबाही गर्नुपर्छ । गुणस्तरहीन वस्तु बजारमा भेटिएको छ भने तत्काल हटाउनुपर्छ । विपत्तिलाई अवसर बनाएर अनुचित लाभ लिन खोज्ने प्रवृत्तिविरूद्ध राज्य कठोर हुनुपर्छ । तर, त्यही समयमा इमानदार व्यवसायीलाई अनावश्यक दुःख दिने वा सबै व्यवसायीलाई अपराधीका रूपमा हेर्ने नीति पनि उचित हुँदैन । राज्यको भूमिका नियन्त्रण र सहजीकरणबिच सन्तुलित हुनुपर्छ । विपत्ति आफैँमा ठुलो चुनौती हो, तर विपत्तिका नाममा हुने कालोबजारी, कृत्रिम अभाव, अस्वाभाविक मूल्यवृद्धि र गुणस्तरहीन वस्तुको कारोबारलाई अर्को विपत्ति बन्न दिनुहुँदैन । अहिले सरकार इमानदार, व्यवसायी जिम्मेवार र उपभोक्ता सचेत बन्ने समय हो । यही जिम्मेवारीबोधले मात्र भोटेकोशीको बाढी र कृष्णभिरको पहिरोबाट प्रभावित नागरिकलाई वास्तविक अर्थमा राहत दिन सक्छ । *–नयाँ पत्रिका*

# मधेशले बुझ्नुपर्ने हिमाल

**चन्द्रकिशोर**

नारायणी नदी किनारका तराईका बासिन्दाहरू नदी हेरेर भन्छन्, 'पानी फेरिएको छ ।' उनीहरूले नदीलाई केवल देख्दैनन्, महसुस गर्छन् । पानीको रंग अलिकति गाढा भएको छ । बहावको आवाज फरक भएको छ । किनारमा पानीको फैलावट सामान्य छैन । माथिबाट एउटा रूखको हाँगा आयो । त्यसपछि प्लास्टिकको ड्रम । कतैबाट घरको काठ पनि आइपुग्यो । यी अलग-अलग वस्तु होइन । गाउँको अनुभवी आँखाका लागि यी सबै मिलेर एउटा वाक्य बनाउँछन्, 'माथि कुनै बस्तीमा पानी पसेछ ।' उसका लागि नदी केवल पानी होइन । नदीले पहाडको खबर लिएर आउँछ ।

तराईमा नदी बगिरहेको मात्र हुँदैन । कुनै दिन ऊ आफ्नो साथमा पहाडको अलिकति भाग पनि लिएर आइरहेको हुन्छ । हिमालय प्रायः तराईबाट देखिँदैन । तर कुनै दिन नदीको रंग गाढा हुन्छ र तराईले पानीभित्रै हिमालय देख्छ । बाढीको कथा नदीको पानीमा मात्र लेखिएको हुँदैन । कहिलेकाहीं त्यसमा तैरिरहेका वस्तुहरूमा लेखिएको हुन्छ । नदीले पानी बगाउँछ, तर पानीसँगै मानिसको जीवनका साना-साना प्रमाणहरू पनि बगाएर ल्याउँछ । नदीसँगै बाँच्ने समाजले नदीको भाषा सिकेको हुन्छ ।

तराईको किसानसँग जलविज्ञानको डिग्री नहुन सक्छ । तर उसको आँखामा नदीको लामो अभिलेख हुन्छ । उसले सामान्य अवस्थामा बगिरहेको नदीको पानी देखेको छ । बाढीको पानी देखेको छ । पहिरोपछि आएको पानी देखेको छ । ठूलो पानीपछि बाँकी रहेको गाद देखेको छ । त्यसैले कुनै बूढो किसानले पानी हेरेर 'यो हिजोको पानी होइन' भन्यो भने त्यसलाई केवल गाउँलेको अनुमान भनेर पन्छाउन मिल्दैन । यो पुस्तौंको अवलोकनबाट बनेको ज्ञान हो । परम्परागत ज्ञानको एउटा अर्थ यही हो, नदीको वर्तमान हेरेर भविष्यको संकेत बुझ्ने क्षमता । तर प्रश्न यहाँबाट सुरू हुन्छ । यदि नदी किनारको मानिसले पानीको रंग, चाल र तैरिएका वस्तुबाट विपत्तिको संकेत पढ्न सक्छ भने हाम्रो आधुनिक विपद् सूचना प्रणालीले किन त्यो संकेतलाई अझ छिटो र अझ विश्वसनीय रूपमा गाउँसम्म पुऱ्याउन सक्दैन ?

हामीले केवल नदीलाई कसरी उपयोग गर्ने भन्ने तय गरेर पुग्दैन । नदीको जोखिमको सूचना कसरी साझा गर्ने ? कसरी समयमै तयार गर्ने ? स्थानीय ज्ञानलाई पूर्वसूचना प्रणालीसँग कसरी जोड्ने ? यी प्रश्न पनि नदी व्यवस्थापनकै हिस्सा हुन् ।यतिबेला हिमालयमा जे भइरहेको छ, त्यसको बेचैनी तराईमा पनि महसुस भइरहेको छ । गाउँमा खबर पहिले आउँछ कि पानी पहिले आइपुग्छ ? नारायणी नदीका अभियन्ता बृजराज कुशवाहा (५५) ले यस पटक भोटेकोशी महाबाढीको खबर नदी हेरेर पाएनन् । उनले सामाजिक सञ्जालबाट थाहा पाए । यो कुरा सामान्य लाग्न सक्छ । तर नदीको तल्लो तटीय भूभागमा बस्ने मानिसका लागि यसमा एउटा प्रश्न लुकेको छ ।

पहिला-पहिला यस्तो खबर रेडियोबाट आउँथ्यो । कतिपय अवस्थामा रेडियोले खबर दिनुअघि नै बाढी गाउँ पसिसकेको हुन्थ्यो । त्यसपछि मानिसलाई थाहा हुन्थ्यो- माथि कतै ठूलो पानी परेको रहेछ । आज सामाजिक सञ्जालले केही मिनेटमा खबर ल्याइदिन्छ । तर नदी किनारको घरसम्म त्यो सूचना समयमै, बुझिने भाषामा र अब के गर्ने भन्ने स्पष्टतासहित पुग्नु अर्कै कुरा हो । बाढीको चेतावनीको वास्तविक मूल्य त्यसलाई जारी गर्नुमा मात्र होइन, समयमै पुऱ्याउनुमा हुन्छ । विपद्को सूचना पनि नदीको बहाव जस्तै हुनुपर्छ । माथिबाट तलसम्म छिटो र अवरोधरहित । नदीहरू एकअर्कासँग जोडिँदै जान्छन् । भोटेकोशी त्रिशूली हुँदै नारायणीमा मिसिन्छ ।

नारायणी नदीको दक्षिणतर्फको यात्रामा सुस्ता-५ को थारु टोल आउँछ । नदीको अन्तिम बिन्दुतिर रहेको यो बस्ती अहिले नदीसँग एउटा कठिन सम्झौता गरिरहेको छ । यस पटक कटान रोकिएको छैन । बृजराजको चिन्ता एउटै छ, 'नदी तीव्र गतिमा गाउँतर्फ बढिरह्यो भने थारु टोल नदीमै हराउन सक्छ ।' बस्ती नै भूगोलबाट हराउने डर छ । नारायणीबाट जोगाउन विभिन्न ठाउँमा तटबन्ध बनाइएका छन् । नदी नियन्त्रणका प्राविधिक प्रयास पनि भएका छन् । जहाँ सुरक्षा संरचना पुगेका छन्, त्यहाँ पनि प्रश्न सकिएको छैन । जहाँ संरचना पुगेका छैनन्, त्यहाँ प्रश्न अझ ठूलो छ ।

नारायणी-गण्डक किनारमा बस्नेहरूका लागि डुबान, कटान र विस्थापन नयाँ कथा होइन । पछिल्लो आधा शताब्दीमा यस क्षेत्रका धेरै परिवारले यही चक्र भोगेका छन् । एक पटक बाढी आयो भने घर डुब्छ । कटान भयो भने खेत जान्छ । खेत गएपछि रोजगारीको खोजीमा मानिस बाहिरिन्छ । घरको ठाउँमा फेरि घर बनाउनुपर्छ । र, अर्को बर्खामा फेरि नदीलाई हेर्नुपर्छ । सरकारी भाषामा यी अलग-अलग घटना हुन सक्छन् । तर मानिसको जीवनमा यी एउटै निरन्तर कथा हुन् । डुबान, कटान र विस्थापन- एउटै वाक्यका तीन शब्द ।

नवलपरासी पश्चिम, प्रतापपुर गाउँपालिकाका प्रेमचन्द गुप्ता सुनाउँछन्, 'हाम्रो स्मृतिमा गण्डकको विभिन्न रूप छ । कहिले खुसी, कहिले दुःख ।' उनको कथनमा दशकौंको नदीमा इतिहास अटेको छ । गण्डकले कहिले उर्वर माटो दिएको छ । कहिले खेत बगाएको छ । कहिले पानी जीवन बनेर आएको छ । कहिले त्यही पानी मृत्युको डर बनेर । नदीसँग बस्ने मानिस नदीलाई एउटै अर्थमा परिभाषित गर्दैन । नदी उसका लागि न केवल वरदान हो, न केवल विपत्ति । नारायणीको जलाधार क्षेत्रमा भारी वर्षा भएको खबर आयो भने तल्लो क्षेत्रमा बस्ने मानिसको मनमा चिसो पस्न थाल्छ । यो डर अन्धविश्वासबाट जन्मिएको होइन । यो स्मृतिबाट जन्मिएको हो । उसले पहिले देखेको छ, माथि पानी परेको थियो, नदी बढेको थियो । तटबन्ध भत्किएको थियो । घर डुबेको थियो । खेत कटान भएको थियो । त्यसैले उसलाई थाहा छ, माथिको पानी तलको जीवनसँग जोडिएको छ । जलविज्ञानले यसलाई 'अपस्ट्रिम-डाउनस्ट्रिम' सम्बन्ध भन्छ । सीमावर्तीले यसलाई अर्को भाषामा बुझ्छन्, 'माथि के भयो ?' यसमा उसको सम्पूर्ण विपद् चेतना अटेको हुन्छ ।

नदीका लागि पहाड र तराई दुई अलग जल भूगोल होइनन् । एउटै नदी प्रणाली हुन् । नेपालमा माथितिर कुनै नदीको जलस्तर तीव्र रूपमा बढ्यो भने तल सीमाछेउमा बस्नेहरू पनि त्यसको प्रभावको प्रतीक्षा गर्न थाल्छन् । त्यो उसको खेत, घर र परिवारको सुरक्षाको प्रश्न बन्छ । माथि र तल बस्नेले नदीलाई अलग-अलग देख्दैनन् । हामीले केवल नदीलाई कसरी उपयोग गर्ने भन्ने तय गरेर पुग्दैन । नदीको जोखिमको सूचना कसरी साझा गर्ने ? कसरी समयमै तयार गर्ने ? स्थानीय ज्ञानलाई पूर्वसूचना प्रणालीसँग कसरी जोड्ने ? यी प्रश्न पनि नदी व्यवस्थापनकै हिस्सा हुन् ।

जलवायु परिवर्तनले अनिश्चितता अझ बढाइरहेको छ । अब आउने समयको हिमाली विपत्तिलाई केवल 'एक पटक' भनेर बुझेर पुग्दैन । हिमनदीको परिवर्तन, हिउँ र चट्टानको अस्थिरता, पहिरो, हिमताल र बदलिँदो मनसुन- यी सबै एकअर्कासँग जोडिएका छन् । हामीले हिमालयलाई केवल उचाइबाट होइन, जलप्रवाहको निरन्तरताबाट बुझ्नुपर्छ । तराईलाई प्रायः 'डाउनस्ट्रिम' क्षेत्रका रूपमा हेरिन्छ । तर तराई केवल तलको भूभाग होइन । यो नेपालको सम्पूर्ण जल प्रणालीको अन्तिम नागरिक भूगोल हो । हिमालयमा जे हुन्छ, प्रकारान्तरमा त्यसको असर तराईमा देखिन्छ ।

तराईका बासिन्दाहरूको स्थानीय ज्ञान, नदीको स्मृति र बाढीका पुराना बाटाहरूको अनुभव कुनै सरकारी फाइलभन्दा कम महत्त्वपूर्ण छैनन् । नदी व्यवस्थापनलाई केवल इन्जिनियरिङको विषय बनाएर पुग्दैन । यो सामाजिक न्यायको विषय पनि हो । कुन बस्तीको आवाज निर्णयकर्तासम्म पुग्छ ? कुन बस्तीको पीडा बाढी सकिएपछि सरकारी तथ्यांकमा हराउँछ ? यी प्रश्नले नदीलाई विकास र सामाजिक न्यायसँग जोड्छन् ।

हिमालयमा हुँदै गरेका प्राकृतिक चक्रलाई हामी प्रायः प्राविधिक शब्दमा बोल्छौं । नदी किनारमा बस्नेले यसलाई अर्को भाषामा बुझ्न सक्छ- 'हिमतालहरू हिमालयका घाउ हुन् ।' माथिको घाउको पीडा तलसम्म आउन सक्छ । हिमालयको कुनै घाउ फुट्दा त्यसको पानीले पहाड मात्र भिजाउँदैन । हिमाल, पहाड र समतलमा बस्नेहरूको नियति एउटै जलप्रवाहले जोडिएका छन् । हामीले हिमालयलाई माथिको भूगोल र तराईलाई तलको भूगोल मानेर धेरै लामो समय बितायौं । अब यसलाई एउटै नदी-सभ्यताको भूगोलका रूपमा हेर्नुपर्ने बेला आएको छ । नदीले हामीलाई धेरै अघि नै जोडिसकेको छ । अब हाम्रो राजनीतिले त्यो जोडिएको भूगोललाई स्वीकार गर्ने पालो हो ।

हिमालयको अस्थिरता पनि नदीसँगै तल आउन सक्छ । त्यसैले तराईको डरलाई 'तलको भू-भागको डर' भनेर सानो बनाउन मिल्दैन । यो नेपालको सम्पूर्ण जल प्रणालीको डर हो । हामीले तराईको डरलाई हिमालयसम्म पुऱ्याउने व्यवस्था कहिले बनाउने ? किनकि नदीले आफ्नो खबर बोकेर तल आउन छाड्ने छैन । प्रेमचन्द गुप्ताले भनेको 'गण्डकका विभिन्न रूप' लाई हामीले गम्भीरतापूर्वक लिनुपर्छ । नदीको पनि स्मृति हुन्छ । तर त्यो स्मृति नदीले होइन, नदी किनारमा बस्ने मानिसले बोकेको हुन्छ । उसले सम्झन्छ- कुन साल बाढी आयो ? बाढी कहाँबाट पस्छ, कुन ठाउँ कमजोर छ, पानी कति बढ्दा खतरा हुन्छ ? कुन वर्ष तटबन्ध फुट्यो ? कुन खेत गयो ? कुन परिवार विस्थापित भयो ? कुन ठाउँमा नयाँ बालुवा थुप्रियो ? कुन धार फेरियो ? सरकारी अभिलेखमा यी कुरा तथ्यांक हुन सक्छन् । तर मानिसको स्मृतिमा ती जीवनका अध्याय हुन् । विपद् व्यवस्थापनले यदि यी स्मृतिलाई आफ्नो ज्ञानको हिस्सा बनाउन सकेन भने उसले नदीको आधा कथा मात्र पढिरहेको हुन्छ ।

हिमालय टुट्दा तराई किन डराउँछ ? नक्सामा टाढा होला । नदीमा छैन । हिमालयको पानी-माटो तराईसम्म आउँछ । हिमालयको अस्थिरता पनि नदीसँगै तल आउन सक्छ । त्यसैले तराईको डरलाई 'तलको भू-भागको डर' भनेर सानो बनाउन मिल्दैन । यो नेपालको सम्पूर्ण जल प्रणालीको डर हो । हामीले तराईको डरलाई हिमालयसम्म पुऱ्याउने व्यवस्था कहिले बनाउने ? किनकि नदीले आफ्नो खबर बोकेर तल आउन छाड्ने छैन । हामीले त्यो खबर समयमै सुन्न सिक्नुपर्छ । पानीले खतरा ल्याउँदा सूचना कसरी बाँड्ने ? अब नदीलाई विकासको स्रोत मात्र होइन, जोखिमको वाहकका रूपमा पनि बुझ्नुपर्छ ।

हिमालयमा भइरहेको परिवर्तन नदी किनारमा बस्ने नागरिकको जीवनको विषय हो । हामीले नदीमाथि पुल बनायौं । बाँध बनायौं । तटबन्ध बनायौं । नदीलाई नियन्त्रण गर्ने धेरै प्रयास गऱ्यौं । तर अब अर्को काम गर्नुपर्ने बेला आएको छ- हिमाललाई सुन्ने । किनकि हिमालले हामीलाई पाठ पढाइरहेको छ । राज्यको सीमा हिम-प्रलयले मान्दैन । महाबाढीको जोखिम पनि सीमा मान्दैन । अबको प्रश्न हो- नदीको जोखिम कसले साझा गर्ने ?

हिमाल र मधेशलाई हामीले लामो समयदेखि उचाइ र समतल, स्रोत र उपभोग, माथि र तलका रूपमा बुझ्दै आयौं । तर नदीले हामीलाई यसभन्दा पृथक् सत्य सम्झाइरहेको छ, भूगोललाई नक्साले विभाजित गर्न सक्छ, पानीको नियतिलाई सक्दैन । हिमालयमा परेको वर्षा, पग्लिएको हिउँ वा माथिल्लो भूभागमा भएको कुनै आकस्मिक परिवर्तन अन्ततः मधेशको खेत, बस्ती र मानिसको जीवनमा सुनिन्छ । त्यसैले मधेशले हिमाललाई केवल टाढाको पहाडका रूपमा होइन, आफ्नै जीवनको माथिल्लो अध्यायका रूपमा बुझ्नुपर्ने बेला आएको छ । र, हिमालले पनि मधेशलाई केवल पानी बगेर जाने समतलका रूपमा होइन, त्यही जलचक्रको अन्तिम मानवीय साक्षीका रूपमा हेर्नुपर्छ ।

नदीले जोडिसकेको अभिन्नतालाई हाम्रो राजनीति, हाम्रो विकास र हाम्रो छिमेकी सम्बन्धमा अनूदित गर्ने र सामञ्जस्य गर्नुको विकल्प छैन । नक्साले सीमा कोर्छ, नदीले नियति जोड्छ । हिमालको स्वास्थ्यबिना मधेश सुरक्षित हुन सक्दैन र मधेशको पीडाबिना हिमालको कथा पूरा हुँदैन । प्रकृतिले बारम्बार हामीलाई हाम्रो कृत्रिम सीमाभन्दा बाहिरको सत्य सम्झाइरहनेछ । *-कान्तिपुर*



# रसुवा सदरमुकाममा राहतको थुप्रो, दुर्गममा भोकको डर

रसुवा – रसुवा सदरमुकाम धुन्चेस्थित सैनिक ब्यारेकको गोदाममा यतिबेला ४० हजार किलो राहत सामग्री छ । तर, १० भदौमा आएको बाढीबाट प्रभावित आमाछोदिङ गाउँपालिकास्थित ठूलो हाकुमा रहेका नागरिकले जम्मा ८ बोरा राहत सामग्री पाएका छन् ।

सेनाले दिएको राहत सामग्रीमा खाद्यान्न, औषधिदेखि दैनिक उपभोग्य वस्तुहरु छन् । तर, पालिकामा बिजुली नभएकाले लाइट, फोन सम्पर्कका लागि सोलार प्यानल र खाना पकाउने ग्याँससमेत अभाव भएको स्थानीयले बताएका छन् ।

'ठूलो हाकुमा सेनाले हालै होलिकोप्टरमार्फत् ८ बोरा सामान झा¥यो,' वडाध्यक्ष साङ लामा तामाङ भन्छन्, 'हाकुवेसीमा चाहिँ ३ देखि ४ पटक गरेर ५०/६० बोरा सामान झ¥यो ।'

तिब्बततर्फबाट आएको बाढीपछि यो क्षेत्रबाट कम्तीमा ७० जना बेपत्ता छन्, एक जनाको शव भेटिएको छ । अहिले खाद्यान्न अभाव हुँदा फेरि अर्को समस्या सिर्जना हुन लागेको जनप्रतिनिधिहरु बताउँछन् । वडाध्यक्ष तामाङका अनुसार, गाउँमा खाद्यान्नको समस्या भएपछि उनी धुन्चे आएर नेपाली सेनासँग राहत सामग्रीको संख्या बढाइदिन अनुरोध गरिरहेका छन् । उनले होलिकोप्टरमार्फत केही सामग्री गाउँमा लैजान खोजेका थिए । तर, अवतरण गर्न नसकेपछि फर्किनु परेको थियो ।

'अहिले राहतका लागि एउटा मात्र हेलिकोप्टर छुट्याइएको छ, उद्धारदेखि शवको खोजीमा पनि परिचालित भएकाले संख्या बढाउन नसकिएको उहाँहरूको कुरा छ,' तामाङले कान्तिपुरसँग भने, 'लामो समय हेलिकोप्टरको भर पर्दा झन् समस्या हुने भएकाले सडक सञ्जाललाई जोड्नलाई समेत पहल गरिरहेका छौं । कम्तीमा झोलुङ्गे पुल मात्र राख्न सकिए पनि केही दिनलाई बोकेर लान सकिन्थ्यो कि भन्नेमा छौं ।' वडाध्यक्ष लामाका अनुसार, ठूलो हाकुमा डेढदेखि दुई सय घरपरिवार बसोबास गर्दै आएका छन् भने हाकुवेसीमा १५० परिवार बस्दै आएको छ ।

काठमाडौंबाट टोखा-छहरे-गड्खार-आप्र-नर्जा-लच्याङ-सरमथली-पाटीखर्क हुँदै बोगटीटार-कालिकास्थान-धुन्चे पुग्ने बाटो खुलेयता अहिलेसम्म सदरमुकाममा ९१ हजार किलो खाद्यान्न पुगेको छ । स्थलमार्गमा राहत लिएर हिँडेका ट्रकहरु पनि प्रशस्तै देखिन्छन् । सडक र हवाई मार्ग दुवैबाट आएको सामग्रीलाई २४ स्थानमा वितरण गरिसकेको नेपाली सेनाका सहायक रथी उज्जवल विक्रम राणा बताउँछन् । तर, अझै सबै ठाउँमा पु¥याउन कठिनाइ भइरहेको छ । 'सेनासँग भएको इक्वेरेल हेलिकोप्टरमार्फत खाद्यान्न ढुवानी भइरहेको छ, यसले एकदिनमा ४०० किलोसम्म सामग्री बोक्छ,' उनले कान्तिपुरसँग भने, 'सकेसम्म धेरै र सबैलाई पुग्ने गरी राहत पु¥याउने कोसिस गरिरहेका छौं ।'

तर, स्याफ्रुबेंसीबाट भोटेकोशी नदीको माथिल्लो भागका अरु बस्तीका नागरिकले समेत पर्याप्त राहत पाउन सकेका छैनन् । स्याफ्रुबेंसी र टिमुरेका अधिकांश नागरिक काठमाडौं आइसकेका छन् । कतिपय आफन्तकहाँ गएका छन् । 'तर, त्यहाँबाट अगाडिका बस्तीलाई खाद्यान्नको समस्या छ,' रसुवाका सागर लामाले भने, 'मुख्यगरी सडक सञ्जाल सहज भएको ठाउँमा खाद्यान्न चाहिनेभन्दा धेरै छ । तर, जहाँ साँच्चै आवश्यकता छ, त्यहाँ पनि विभिन्न कारणले पुग्न सकेको छैन ।' भौगोलिक अवस्थितिका कारण कतिपय स्थानमा हेलिकोप्टरलाई समेत अवतरण गर्न असहज भएको उनको भनाइ छ । राहत कम भएका गोसाइँकुण्ड गाउँपालिकाका क्षेत्रहरूमा थुमन, खाम्दिङ, विदिम, लिङ्दिन, ठूलो स्याफ्रु, रावललगायतका बस्ती छन् । आमाछोदिङमो गाउँपालिकामा त अधिकांश बस्तीमा पर्याप्त राहत पुग्न सकेको छैन । 'सडक सञ्जालबाट पालिका पूरै बन्द भएको छ, ५/६ बोरा राहतले पुग्दैन । त्यति आउँदा त झगडा मात्र हुन्छ,' वडा नं. २ ग्रेका दावा दुर्चे तामाङले भने, 'तत्काल गोरेटो बाटो भए पनि नखोल्ने हो मान्छेहरूलाई बस्नसमेत गाह्रो हुन्छ ।' उनका अनुसार, यो वडामा बाढीले भौतिक रूपमा क्षति गरेको छैन । तर अधिकांश परिवारका कोही न कोही सदस्य रसुवागढी काममा जाँदा सम्पर्कविहीन भएका छन् । '१५१ जना जति सम्पर्कविहीन छन्, बचेका मान्छेलाई समेत बस्ने गाह्रो हुने अवस्था छ,' उनले भने ।

सडक सञ्जालबाट टुटेपछि बाढीले क्षति नगरेको स्थानमा समेत खाद्यान्न अभाव हुन थालेको छ । लाङटाङबाट फर्किएका धुन्चे आइपुगेका दावा लामा बाढीबाट प्रभावित नभएपछि बस्न लायक नभएपछि फर्किएको बताए। 'म त्यहाँको लामा होटलमा काम गर्थे, त्यहाँ बाढीले असर त गरेको छैन । तर, अब रासन नै भएन,' उनले सुनाए, 'बाटो नभएपछि



होटलमा बस्ने पर्यटक पनि आउने भएनन्, अब खानै समस्या हुने भएपछि किन बसिरहनु भन्ने ठानेर आएको हो ।' रसुवाको कालिकामा औषधि र एम्बुलेन्स आवश्यक भएको जनप्रतिनिधिहरूले बताएका छन् । रसुवा र नुवाकोटको सिमानामा रहेको विदुर-१० मा पर्ने बेत्रावतीका वडाध्यक्ष गणेशकुमार नेपालले चाहिँ माथिल्लो क्षेत्रमा रहेका होल्डिङ सेन्टरमा अहिले राहत पुगेको बताए । 'ठ्याक्कै बेत्रावती बजारमै चाहिँ होल्डिङ सेन्टर राख्ने ठाउँ नै छैन, बगर र वन छ । गाडी पनि राम्रोसँग जाँदैन,' उनले कान्तिपुरसँग भने, 'यद्यपि, ३०/३५ जना त्यहीँ आश्रय लिएर बस्नु भएको छ, उहाँहरूलाई चामललगायतका खाद्यान्न पु¥याइएको छ । तर, भाँडाकुँडा र ग्याँसचाहिँ अभाव छ ।'

राहत वितरणमा समेत एकद्वार प्रणालीलाई लागू गरिँदा विवरणमा कठिनाइ भएको कतिपयले बताएका थिए । तर, पछिल्लो समय नेपाली सेना र जिल्ला प्रशासन कार्यालयले स्थानीय जनप्रतिनिधिसँग समन्वय गरेर सडक मार्गबाट लैजाँदा सम्बन्धित होल्डिङ सेन्टरसम्मै सामान पु¥याउन पनि दिएको छ । 'हामीले रसुवाको उत्तरगया लगायतका केही ठाउँमा गएर खाद्यान्नसहितका सामग्री दियौं, सोलार प्यानल पनि लगेका थियौं, त्यो चाहिँ गोसाइँकुण्डको अस्थायी कार्यालयलाई दिएर आएका छौं,' राहत लिएर मंगलबार काठमाडौंबाट रसुवा पुगेका आरके रोमसले भने ।

सडक सञ्जालका हिसाबले सहज रूपमा पुग्न सकिने नुवाकोटको विदुरमा चाहिँ राहतको थुप्रो लागेको छ । राहत लिएर जाने अधिकांश विदुरमा खटिएको सुरक्षा अधिकारीहरु बताउँछन् । जिल्ला प्रशासन कार्यालय, रसुवाका सूचना अधिकारीसमेत रहेका प्रशासकीय अधिकृत रूपेशप्रसाद नेपाल हालसम्म २३९ वटा संघसंस्थाले विदुरसम्म राहत ल्याएको बताए । 'ती सामग्रीलाई बुधबार बिहानसम्ममा हामीले १७५ ठाउँमा डिस्प्याच गरेका छौं, पछिल्लो समय रसुवाको उत्तरगयामा पनि तीन पटक हेलिकोप्टरमा पठाएका छौं,' उनले भने, 'त्रिशूली अस्पतालमा समेत मेडिकल सामग्री पठाइएको छ ।'

जिल्ला प्रशासन कार्यालय, रसुवाका अधिकारीहरूका अनुसार, सदरमुकाममा राहत नहोस् भनेर पालिकाहरूलाई आवश्यक भए स्थानीय विपद् व्यवस्थापन समितिबाट निर्णय गरेर पठाइदिन १७ भदौमा पत्र लेखिएको थियो । प्रभावित नागरिकलाई आवश्यक पर्ने राहत सामग्री के-के हुन् र कति जनालाई आवश्यक पर्ने हो भन्ने विवरणसहित हेली वा सवारी साधनबाट कहाँ सामान झार्नुपर्ने हो त्यसको विवरण दिन भनिएको थियो । प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मीले हस्ताक्षर गरेको यो पत्र विदुर, बेलकोटगढी नगरपालिका, किस्पाङ र तारकेश्वर गाउँपालिकालाई पठाइएको थियो । तर, पालिकाबाट तत्काललाई राहत आवश्यक नभएको जवाफ आएको अधिकारीहरूको भनाइ छ । प्रमुख प्रशासकीय अधिकृत नेपालले हालसम्म नुवाकोटमा १९ जा होल्डिङ सेन्टर रहेको भन्दै भने, 'अहिले उहाँहरूलाई सामूहिक खानपानका लागि पर्याप्त छ भनेर भन्नुभएको छ, तर अरूतिरबाट पनि अनुरोध आउनेबित्तिकै पठाइरहेका छौं ।'

राहत वितरणमा खटिएका सशस्त्र प्रहरीका डीएसपी तुलबहादुर भण्डारीले चाहिँ भौगोलिक रूपमा एकदमै कठिन अवस्थामा पीडित बसेकाले राहत सामग्री पठाउन चुनौती देखिएको बताएका छन् । 'कतिपय ठाउँमा अवतरण गर्ने ठाउँ पनि नभएकाले सानो मात्रामा पठाइरहनु परेको छ,' उनले भने, 'प्रत्येक ठाउँमा हेलिकोप्टरमार्फत पु¥याउनुपर्ने अवस्था छ, तर हेलिकोप्टरहरु उद्धारमा पनि खटिनुपर्ने भएकाले समय लागिरहेको हो ।'

नेपाली सेनाका सहायक रथी उज्जवलविक्रम राणाले कान्तिपुरसँग कुरा गर्दै हेलिकोप्टरबाट पनि पुग्न नसकिने कतिपय ठाउँमा गाउँपालिकाका अध्यक्ष, वडाध्यक्षसहितका जनप्रतिनिधिलाई हस्तान्तरण गर्ने योजना रहेको बताएका छन् । 'उहाँहरूलाई रासन दिएर जाने भन्ने योजना हो, तर कतिपय ठाउँमा जनप्रतिनिधि आफैं सम्पर्कविहीन हुनुहुन्छ,' उनले भने, 'कतिपय काठमाडौंमा हुनुहुँदो रहेछ, हामी सामान बुझ्ने मानिस खोजिरहेका छौं । सबै ठाउँमा सामान पु¥याउने गरी काम गरिरहेका छौं ।'

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार, बुधबारसम्ममा रसुवा, नुवाकोटसहितका जिल्लाबाट गरेर करिब ३ हजार ९१६ जना सम्पर्कविहीन छन् । हालसम्म नेपाली सेनाले २७३ विदेशी र ४ हजार ९१ नेपाली नागरिकको उद्धार गरेको प्राधिकरणको भनाइ छ । हालसम्म ३७ ट्रक र ३७ बोलेरोमार्फत प्रभावित क्षेत्रमा खाद्य र गैरखाद्य सामग्री प्रभावित क्षेत्रमा पठाइएको समेत प्राधिकरणले भनेको छ । सशस्त्र प्रहरीको संयोजनमा समेत हवाई माध्यमबाट राहत सामग्री पठाइएको प्राधिकरणले भनेको छ । सशस्त्र प्रहरीका प्रवक्ता नेत्रबहादुर कार्की भन्छन्, 'अहिले दुई वटा हेलिकोप्टर छुट्याएर राहत वितरणका लागि सशस्त्र प्रहरीले संयोजन गरिरहेको छ ।' हालसमम नुवाकोट, धादिङ, रसुवा र काठमाडौंको होल्डिङ सेन्टरमा ३ हजार ४५३ जना रहेको प्राधिकरणको भनाइ छ । विपद्को उद्धार तथा राहतका लागि नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरीबाट २१ हजार ३१४ जना परिचालित छन् ।

खेलकुद

## नेपालको लगातार दोस्रो जित, सेमिफाइनल सम्भावना बलियो




नेपालले एसिसी प्रिमियर कपमा लगातार दोस्रो जित दर्ता गर्दै सेमिफाइनल सम्भावनालाई बलियो बनाएको छ । बिहीबार नेपालले मलेसियाको यूकेएम यूएसडी ओभलमा घरेलु टोली मलेसियालाई ६ विकेटले हरायो।

टस जितेर ब्याटिङ रोजेको मलेसियाले ३२.३ ओभरमा सबै विकेट गुमाएर १०४ रनको लक्ष्य दियो । जवाफमा नेपालले २१.४ ओभरमा चार विकेट गुमाएर पूरा ग¥यो । नेपालका अर्जुन कुमालले अविजित ४५ रनको योगदान गरे । उनले ६८ बलमा चार चौका प्रहार गरे । इशान पाण्डेले २०, दीपेन्द्रसिंह ऐरीले अविजित १२ र रोहितकुमार पौडेलले १० रन बनाए । तेस्रो विकेटका निम्ति अर्जुन र इशानबीच ५७ रनको साझेदारी भएको थियो । मलेसियाका वीरनदीप सिंह, प्रशान्त मधुकर, आरिफ उल्लाह र कप्तान सैयद अजिजले समान एक विकेट लिए । त्यसअघि मलेसियाका सैयद अजिजले ३०, अकिल वाहिदले २४, वीरनदीप सिंहले १४ र मोहम्मद स्याहदत रमीलले १३ रन जोडे ।

नेपालका करण केसीले चार, ललितनारायण राजवंशीले दुई तथा हेमन्त धामी, दीपेन्द्रसिंह ऐरी र कप्तान सन्दीप लामिछानले समान एक विकेट लिए । जितसँगै दुई खेलबाट चार अंक जोडेको नेपाल समूह 'ए'को शीर्ष स्थानमा छ । पहिलो हार व्यहोरेको मलेसिया समान खेलबाट दुई अंकका साथ दोस्रो स्थानमा छ ।

पहिलो खेलमा नेपालले बहराइलाई सात विकेटले हराएको थियो । मलेसियाले साउदी अरेबियालाई ९३ रनले पराजित गरेको थियो । नेपालले अब आउँदो आइतबार साउदी अरेबियाको सामना गर्नेछ ।

## मेसीले लिए दोस्रोपटक अन्तर्राष्ट्रिय फुटबलबाट सन्न्यास

अर्जेन्टिनाका कप्तान लियोनल मेसीले दोस्रोपटक अन्तर्राष्ट्रिय फुटबलबाट सन्न्यासको घोषणा गरेका छन् । अर्जेन्टिनालाई फिफा विश्वकप र दुई कोपा अमेरिका उपाधि दिलाएका ३९ वर्षीय मेसीले आफ्नो राष्ट्रिय टोलीसँगको यात्रा समाप्त भएको बताएका छन् । 'यो निर्णय घोषणा गरिरहँदा पीडा महसुस भइरहेको छ, तर समय आएको छ । मैले अन्तर्राष्ट्रिय फुटबलबाट सन्न्यास लिएको छु,' मेसीले भनेका छन् । सन् २०१४ देखि ०१५ सम्म अर्जेन्टिना विश्वकप र कोपा अमेरिकाको फाइनल पराजित भएपछि मेसीले पहिलोपटक सन्न्यास लिएका थिए ।

अर्जेन्टिनी जनताको आग्रहमा उनले सन्न्यास फिर्ता लिँदै अन्तर्राष्ट्रिय खेलमा फर्किएका थिए । सन्न्यास फिर्ता लिएपछि मेसीले अर्जेन्टिनालाई एकपटक फिफा विश्वकप कोपा अमेरिका उपाधि दिलाउन सफल भए । उनकै कप्तानीमा अर्जेन्टिना लगातार दुईपटक विश्वकपको फाइनलमा पुगेको थियो । २०२१ मा उनकै कप्तानीमा अर्जेन्टिनाले २८ वर्षको उपाधि खडेरी तोड्दै कोपा अमेरिका जितेको थियो । त्यसको अर्को वर्ष कतारले आयोजना गरेको विश्वकपको फाइनलमा फ्रान्सलाई टाइब्रेकरमा अर्जेन्टिनाले हराउँदै तेस्रोपटक विश्वकप जित्दा मेसी नै कप्तान थिए । दुई दशकको अन्तर्राष्ट्रिय करिअरमा मेसी अर्जेन्टिनाका लागि सर्वाधिक खेल र सर्वाधिक गोल गर्ने खेलाडी बनेका छन् । उनले राष्ट्रिय टोलीबाट २१० खेलमा १२५ गोल गरेका छन् । उनकै कप्तानीमा अर्जेन्टिनाले फिफा विश्वकप, २०२१ र २०२४ को कोपा अमेरिका तथा फिनालिसीमा उपाधि जितेको थियो ।

कीर्तिमानी रूपमा आठपटकका बालोन डिअर विजेता मेसी अहिले अमेरिकन क्लब इन्टर मियामीबाट क्लब फुटबल खेलिरहेका छन् । उनको सन्न्याससँगै अर्जेन्टिनाले आफ्नो स्वर्णिम पुस्ताका अन्तिम महान् कप्तानलाई बिदाइ गरेको छ । सामाजिक सञ्जालमा मेसीले आफ्नो निर्णय आफ्नो आत्माका लागि सबैभन्दा पीडादायी भएको जनाए । 'विश्वकपको फाइनलपछि धेरै समय सोचैँ, अब राष्ट्रिय टोलीबाट सन्न्यास लिने निर्णय गरेको छु,' उनले सोसल मिडियामा भनेका छन्, 'यो निर्णयले मेरो मन दुखाएको छ र अझै पनि दुखाइरहनेछ, तर म बुझ्छु, यही समय हो ।' उनले अर्जेन्टिनाको जर्सीका लागि सधैँ आफ्नो सम्पूर्ण शक्ति दिएको बताउँदै समर्थकलाई गर्व गराउने प्रयास कहिल्यै नछोडेको उल्लेख गरेका छन् ।

मेसीले भावुक हुँदै सन्न्यास घोषणा गर्दा आफू कहिले पनि अर्जेन्टिनी राष्ट्रिय टोलीलाई बिर्सन नसक्ने र सधैँ माया रहने उल्लेख गरेका छन् । 'अर्जेन्टिनी जर्सीमा मैले २० वर्ष लामो अन्तर्राष्ट्रिय यात्रा गरेँ, राष्ट्रिय टोलीप्रतिको आफ्नो प्रेम कहिल्यै समाप्त हुनेछैन,' उनले भनेका छन्, 'म राष्ट्रिय टोलीलाई माया गर्थें, गर्छु र सधैँ गर्नेछु । अब म मैदानभित्र होइन, बाहिरबाट तपाईँहरूसँगै अर्जेन्टिनालाई समर्थन गर्नेछु ।' मेसीले परिवार, प्रशिक्षक, टोलीका सहकर्मी र सम्पूर्ण समर्थकप्रति आभार व्यक्त गरेका छन् ।

उनले जीवनको सबैभन्दा खुसीका रूपमा विश्वकप ट्रफी उचालेको क्षणलाई लिन्छन् । 'मेरो दुई दशकको यात्रामा सबैभन्दा खुसी र अविस्मरणीय क्षण भनेको कतारमा हामीले विश्वकप जितेको क्षण नै हो,' उनले भने, 'त्यो जितेको क्षणलाई जीवनकै सबैभन्दा अविस्मरणीय सम्झनाका रूपमा रहनेछ ।' उनले आफ्नो यात्राको क्रममा भगवान्लाई धन्यवाद दिएका छन् । उनले अर्जेन्टिनी टोलीमा युवा पुस्ताको आवश्यकता भएको जनाए । युवा पुस्ताले अर्जेन्टिनाको फुटबल इतिहास कोर्ने उनको विश्वास छ । 'अब मसँग दिन बाँकी केही छैन । नयाँ पुस्ताका उत्कृष्ट खेलाडीहरु आउँदै छन्, उनीहरु नै यो स्थानका हकदार हुन्,' उनले लेखेका छन्, 'नयाँ पुस्ताका खेलाडीलाई मौका दिनुपर्छ, मेरो समय सकिँदै छ, अध्याय बन्द हुँदै छन् ।'

## ● बाढी प्रभावितलाई राहत जुट्ने क्रम जारी

**सिद्धार्थ प्रिमियरको एक करोड आर्थिक सहयोग**

सिद्धार्थ प्रिमियर इन्स्योरेन्सले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा एक करोड एक लाख रूपैयाँ सहयोग गरेको छ । कम्पनीले सो रकमबराबरको चेक अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई हस्तान्तरण गरेको हो ।

**चेम्बर स्वास्थ्य समितिद्वारा ५० लाखको स्वास्थ्य सामग्री हस्तान्तरण**

नेपाल चेम्बर अफ कमर्सअन्तर्गतको स्वास्थ्य तथा सामाजिक समितिले नेपाल चेम्बर अफ कमर्सलाई औषधि, प्राथमिक उपचार सामग्री तथा विभिन्न स्वास्थ्यसम्बन्धी आवश्यक सामग्री उपलब्ध गराएको छ । विपत् प्रभावित नागरिकहरूको स्वास्थ्य उपचार तथा राहतका लागि करिब ५० लाख रूपैयाँबराबरका सामग्री उपलब्ध गराइएको हो । राहत सामग्रीमा ज्वरो, रूघाखोकी, झाडापखाला तथा विभिन्न रोगका लागि आवश्यक औषधि, ओआरएस, घाउमा प्रयोग हुने पोभिडोन आयोडिन फोल, टिस्यु पेपर, सर्जिकल सामग्री, स्यानेटरी नेप्किन, तथा अन्य अत्यावश्यक स्वास्थ्य सामग्री छन् । स्वास्थ्य तथा सामाजिक समिति सभापति मृगेन्द्रमेहर श्रेष्ठले चेम्बरको विपत् व्यवस्थापन परिषद्का उपसभापति कृष्णमान श्रेष्ठलाई उक्त औषधि तथा स्वास्थ्य सामग्री हस्तान्तरण गरे । उक्त सामग्री विपत्बाट प्रभावित क्षेत्रमा आवश्यकताका आधारमा सरकारी निकायसँग समन्वय गरी वितरण गरिने चेम्बरले जनाएको छ ।

**उद्धार कोषमा मञ्जुश्री फाइनान्सको ३० लाख सहयोग**

मञ्जुश्री फाइनान्सले भोटेकोशीमा आएको प्राकृतिक विपत् घटनामा प्रभावित क्षेत्रमा राहत सहयोग दिन प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रू. ३० लाख सहयोग हस्तान्तरण गरेको छ । भोटेकोशी तथा त्रिशूली नदीमा आएको भीषण बाढीका कारण जनधनको क्षति हुनुका साथै ठूलो संख्यामा नागरिक प्रभावित भएको परिस्थितिमा पीडित परिवारको राहत तथा उद्धार कार्यमा सहयोग पुऱ्याउन फाइनान्सले ऐक्यबद्धता जनाएको छ ।

**राष्ट्रिय सहकारी बैंकद्वारा बाढी प्रभावितलाई २५ लाख सहयोग**

राष्ट्रिय सहकारी बैंक लिमिटेडले बाढीपहिरोबाट प्रभावित सहकारी संघसंस्थाको सेवा पुनः सञ्चालन, अभिलेख संरक्षण तथा संस्थागत पुनर्स्थापनाका लागि २० लाख रूपैयाँ सहयोग गर्ने भएको छ । बैंकको सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिका सदस्यहरूले समेत एक दिनबराबरको बैठक भत्ता योगदान गर्ने भएका छन् । यस्तै, सञ्चालक समितिको निर्णयअनुसार प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा पाँच लाख ५५ हजार ५५५ रूपैयाँ सहयोग प्रदान गरिने भएको छ ।

बैंकका अनुसार सम्बन्धित जिल्ला सहकारी संघहरूसँगको समन्वय तथा बैंकको सञ्चालक समितिबाट स्वीकृत मापदण्डका आधारमा २० लाख रूपैयाँ प्रभावित सहकारी संस्थालाई वितरण गरिनेछ ।

**प्रभु बैंकको २.११ करोड सहयोग**

प्रभु बैंक लिमिटेडले रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित भएकाहरूको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि दुई करोड ११ लाख ११ हजार १११ रूपैयाँ आर्थिक सहयोग गरेको छ । बैंकका प्रमुख कार्यकारी अधिकृत सुमन शर्माले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा हुने गरी उक्त रकमबराबरको चेक अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई हस्तान्तरण गरेका हुन् । चेक हस्तान्तरण कार्यक्रममा बैंकका तर्फबाट अध्यक्ष किशोरजंग कार्की, सञ्चालक राजु पौडेल तथा सञ्चालक डा. अम्बिका शर्मा लामिछानेको पनि उपस्थिति थियो ।

**प्रधानमन्त्री राहत कोषमा सिद्धार्थ प्रिमियरद्वारा एक करोड एक लाख सहयोग**

सिद्धार्थ प्रिमियर इन्स्योरेन्सले रसुवाको भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावितहरूको उद्धार, राहत र पुनर्स्थापनाका लागि एक करोड एक लाख रूपैयाँ सहयोग गरेको छ।

संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा जम्मा हुने गरी कम्पनीकी सञ्चालक हसना शर्माले सो रकमबराबरको चेक अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई हस्तान्तरण गरेकी हुन्।

यसअघि २०८१ सालमा आएको बाढीवाट प्रभावितहरूका लागि ५१ लाख रूपैयाँ र जेन् - जी आन्दोलनको क्रममा क्षति भएको राष्ट्रिय सम्पदा पुनर्निर्माणका लागि पनि एक करोड १ लाख प्रदान गरेको कम्पनीले जनाएको छ।

# कर्पोरेट

**मातृभूमि लघुवित्तद्वारा बाढीपीडितलाई पाँच लाख सहयोग**

भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावितहरूको उद्धार तथा राहतका लागि मातृभूमि लघुवित्तले पाँच लाख रूपैयाँ सहयोग गरेको छ।

राहत तथा उद्धार कार्यका लागि नेपाल सरकार र विभिन्न संघसंस्थाहरूको पहलप्रति ऐक्यबद्धता जनाउँदै संस्थाले प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा उक्त रकम जम्मा गरेको हो। संस्थाले बाढीका कारण ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली प्रकट गर्दै पीडित परिवारजनमा समवेदना व्यक्त गरेको छ।

'यस प्राकृतिक प्रकोपका कारण सम्पर्कविहीन हुनुभएका सर्वसाधारण, बैंक तथा वित्तीय संस्थालगायत विभिन्न संघ-संस्थामा कार्यरत कर्मचारी र उहाँहरूका परिवारजनले व्यहोर्नुपरेको पीडाप्रति यस वित्तीय संस्था गहिरो सहानुभूति प्रकट गर्दछ,' विज्ञप्तिमा भनिएको छ।

**यती पेन्ट्सद्वारा ११ लाखभन्दा बढी सहयोग प्रदान**

यती पेन्ट्स नेपालले ११ लाख ११ हजार १११ रूपैयाँ आर्थिक सहयोग गरेको छ । कम्पनीले रसुवाको भोटेकोशी बाढीबाट प्रभावित नागरिकको खोज, उद्धार तथा राहतका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सो रकम जम्मा गरेको हो । बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, गोरखा, तनहुँलगायतका जिल्लामा ठूलो मानवीय तथा भौतिक क्षति भएपछि प्रभावित नागरिक र समुदायको सहयोगका लागि सामाजिक उत्तरदायित्वअन्तर्गत आर्थिक सहयोग गरिएको कम्पनीका अध्यक्ष झलकबहादुर केसीले जानकारी दिए ।

## ● मुक्तिनाथ विकास बैंक र ढुवानी व्यवसायी महासंघबिच व्यावसायिक सम्झौता

मुक्तिनाथ विकास बैंक र ढुवानी व्यवसायी महासंघ नेपालबिच व्यावसायिक कर्जा लगानीसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ। बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत तारा मानन्धर र महासंघको तर्फबाट अध्यक्ष माधवप्रसाद नेपालले समझदारीपत्रमा हस्ताक्षर गरेका हुन्। सम्झौताअनुसार महासंघमा आबद्ध सदस्यहरूले ढुवानीका लागि आवश्यक पर्ने गाडी खरिद गर्न र सोसम्बन्धी व्यवसाय सञ्चालनका लागि मुक्तिनाथ विकास बैंकको १७६ वटै शाखा कार्यालयबाट आकर्षक सहुलियत ब्याजदरमा कर्जा सुविधा पाउनेछन्। यस सहकार्यबाट ढुवानी व्यवसायीहरूले आफ्नो सेवा विस्तारका लागि सहज रूपमा वित्तीय सेवा प्राप्त गर्न सक्ने तथा व्यवसाय विस्तारमा थप सहयोग पुग्ने अपेक्षा गरिएको छ। साथै बैंकले हाल अटो कर्जा, कृषि र एसएमई कर्जामा समेत न्यूनतम ब्याजदरमा कर्जा प्रवाह गर्ने विशेष अफर ल्याएको छ।

## ● राष्ट्रिय सहकारी बैंकद्वारा बाढी प्रभावित सहकारीलाई २० लाख, उद्धार कोषमा ५.५५ लाख सहयोग

राष्ट्रिय सहकारी बैंक लिमिटेडले बाढीपहिरोबाट प्रभावित सहकारी संघसंस्थाको सेवा पुनः सञ्चालन, अभिलेख संरक्षण तथा संस्थागत पुनर्स्थापनाका लागि २० लाख रूपैयाँ सहयोग गर्ने भएको छ।

भदौ १० गते रसुवा, नुवाकोट, धादिङलगायत विभिन्न जिल्लामा आएको अप्रत्याशित बाढी तथा पहिरोबाट सहकारी संस्थाहरूको अभिलेख, प्रविधिगत सामग्री तथा भौतिक पूर्वाधारमा क्षति पुगेपछि बैंकले पुनर्स्थापनाका लागि उक्त रकम विनियोजन गरेको हो। बैंकका अनुसार सम्बन्धित जिल्ला सहकारी संघहरूसँगको समन्वय तथा बैंकको सञ्चालक समितिबाट स्वीकृत मापदण्डका आधारमा २० लाख रूपैयाँ प्रभावित सहकारी संस्थालाई वितरण गरिनेछ।

यसैबिच, बाढीपहिरोबाट बैंकको नुवाकोट शाखामा कार्यरत तीन कर्मचारीको भौतिक सम्पत्तिमा क्षति पुगेपछि बैंकका कर्मचारीहरूले स्वस्फूर्त रूपमा ६ लाख चार हजार ५३२ रूपैयाँ ६७ पैसा संकलन गरेका छन्। संकलित रकमबाट प्रभावित तीन कर्मचारीलाई जनही ५० हजार रूपैयाँका दरले तत्काल राहत उपलब्ध गराइएको बैंकले जनाएको छ।

बैंकको सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिका सदस्यहरूले समेत एक दिनबराबरको बैठक भत्ता योगदान गर्ने भएका छन्। यस्तै, सञ्चालक समितिको निर्णयअनुसार प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा पाँच लाख ५५ हजार ५५५ रूपैयाँ सहयोग प्रदान गरिने भएको छ।

बैंकले बाढीपहिरोमा परी ज्यान गुमाउने स्वदेशी तथा विदेशी नागरिकप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनप्रति समवेदना तथा घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ।

विपतको समयमा उद्धार, राहत तथा पुनर्स्थापनामा सक्रिय नेपाल सरकार, सुरक्षा निकाय, स्थानीय तह, स्वयंसेवी संस्था तथा अन्य सरोकारवाला निकायको भूमिकाको प्रशंसा गर्दै बैंकले प्रभावित नागरिकका लागि सुरक्षित उद्धार, अस्थायी आवास, खाद्यान्न, खानेपानी तथा स्वास्थ्य सेवाजस्ता आधारभूत आवश्यकता शीघ्र सुनिश्चित गर्न आग्रह गरेको छ। सहकारी अभियानको साझा अभिभावक तथा सहकारी क्षेत्रको अग्रणी वित्तीय संस्थाका रूपमा बैंकले प्रभावित सहकारी संस्थाहरूको पुनर्स्थापना, सेवा प्रवाहको निरन्तरता तथा संस्थागत सुदृढीकरणका लागि आवश्यक वित्तीय, प्राविधिक तथा संस्थागत सहयोग उपलब्ध गराउने प्रतिबद्धता जनाएको छ।

## ● ग्लोबल आइएमई बैंकका सेयरधनीलाई १० प्रतिशत लाभांश प्रस्ताव

ग्लोबल आइएमई बैंक लिमिटेडले गत आर्थिक वर्ष ०८२/८३ को वितरणयोग्य मुनाफाबाट सेयरधनीलाई १० प्रतिशत लाभांश दिने प्रस्ताव गरेको छ, सोमध्ये करसहित ६ प्रतिशत नगद लाभांश र चार प्रतिशत बोनस सेयर रहेको छ ।

बैंकको बुधबार बसेको सञ्चालक समितिको बैठकले उक्त प्रस्ताव गरेको हो, प्रस्तावित लाभांश नेपाल राष्ट्र बैंकबाट स्वीकृत भई बैंकको आउँदो साधारणसभाबाट पारित भएपछि सेयरधनीलाई वितरण गरिनेछ । विगत लामो समयदेखि आधुनिक प्रविधि र उत्कृष्ट ग्राहक सेवाका कारण विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विधामा सम्मानित हुँदै आएको ग्लोबल आइएमई बैंकले 'बैंक अफ दी इयर २०१४', 'बेस्ट इन्टरनेट बैंक २०१६', तथा सन् २०२४, २०२५ र २०२६ मा लगातार 'बेस्ट बैंक नेपाल' को उपाधि प्राप्त गरिसकेको छ । यस्तै, बैंकले युरोमनी अवार्ड फर एक्सलेन्स २०२२, २०२४ र २०२५, बेस्ट बैंक इएसजी नेपाल २०२४ र बेस्ट इम्प्लोयरजस्ता प्रतिष्ठित पुरस्कारहरूसमेत प्राप्त गरेको छ ।

ग्लोबल आइएमई बैंक मुलुकको ७७ वटै जिल्लामा शाखा सञ्जाल विस्तार गर्ने निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । हाल बैंकले ३४१ शाखा कार्यालय, ३६६ एटिएम, १४७ शाखारहित बैंकिङ सेवा, ६९ एक्सटेन्सन तथा राजस्व संकलन काउन्टर र तीनवटा वैदेशिक प्रतिनिधि कार्यालयसहित कुल एक हजारभन्दा बढी सेवा केन्द्रमार्फत ग्राहकहरूलाई सेवा प्रदान गर्दै आएको छ ।

यसका साथै बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, अस्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, युएई र भारतलगायतका विभिन्न मुलुकहरूबाट औपचारिक माध्यममार्फत देशभित्र विप्रेषण (रेमिट्यान्स) भित्र्याउँदै राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएको छ ।

## ● बाढीले क्षतिग्रस्त त्रिभुवन त्रिशूली मावि सञ्चालन गर्न चौधरी फाउन्डेसनको सहयोग

चौधरी फाउन्डेसनले रसुवा बाढीबाट सर्वाधिक प्रभावित नुवाकोटको त्रिभुवन त्रिशूली मावि तत्काल सञ्चालनमा ल्याउन प्रभावकारी सहयोग गर्ने निर्णय गरेको छ । विद्यार्थीलाई विद्यालयमा फर्काई उनीहरूको मनोवैज्ञानिक असर कम गर्न एवं अध्ययनलाई निरन्तरता दिन फाउन्डेसनले आपत्कालीन सहयोग गर्न लागेको हो । फाउन्डेसनले उक्त विद्यालयमा डिजिटल क्लासरूमको अवधारणाअनुसार कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाउनेछ । यसका लागि आवश्यक स्मार्ट बोर्ड, डेस्कटप, ल्यापटप, प्रोजेक्टर तथा इन्टरनेटको व्यवस्था मिलाइनेछ । त्यसैगरी, कक्षाकोठामा फर्निचरजन्य सामग्री र विद्यार्थीलाई स्कुल ब्याग तथा स्टेसनरी सामग्री पनि उपलब्ध गराइने बताइएको छ ।

विद्यालयका प्रधानाध्यापक राजेन्द्र दवाडीले विद्यालय सञ्चालनमा ल्याउन वैकल्पिक भवनको व्यवस्था मिलाउन लागिएको बताए । सोही भवनबाट कक्षा सञ्चालन गर्न फाउन्डेसनले सहयोग गर्नेछ । उक्त विद्यालयमा १६ सय विद्यार्थी अध्ययनरत थिए ।

'बाढी प्रभावित क्षेत्रका बालबालिकालाई मनोवैज्ञानिक असरबाट जोगाउन आपत्कालीन सहयोग कार्यक्रमअन्तर्गत त्रिभुवन त्रिशूली माविमा जतिसक्दो छिटो पठनपाठन अगाडि बढाउन चाहन्छौं,' फाउन्डेसनका अध्यक्ष निर्वाण चौधरीले भने ।

## ● पोखरा फाइनान्सका ग्राहकलाई सिद्धार्थ होटेलमा छुट

पोखरा फाइनान्स लिमिटेडका ग्राहकले सिद्धार्थ होटेल, नारायणगढमा फुड तथा बेभरेज सेवामा छुट पाउने भएका छन् । फाइनान्सका ग्राहकलाई छुट सुविधा दिलाउन यी दुवै संस्थाबिच सम्झौता भएको छ । समझदारीअनुसार पोखरा फाइनान्सका खातावालाले पोखरा मोबाइल बैंकिङ वा डेबिट कार्डमार्फत भुक्तानी गर्दा होटेलमा उपलब्ध फुड तथा बेभरेज सेवामा १० प्रतिशत छुट प्राप्त गर्न सक्नेछन् ।

ग्राहकलाई थप सुविधा उपलब्ध गराउने उद्देश्यले गरिएको यस सहकार्यबाट पोखरा फाइनान्सका खातावाला लाभान्वित हुने विश्वास फाइनान्सले व्यक्त गरेको छ । फाइनान्सले हाल ३८ वटा शाखामार्फत नगद कारोबार, आरटिजिएस, आइपिएस, कनेक्ट आइपिएस, रेमिट्यान्स, क्लियरिङ, सिआसबालगायतका बैंकिङ सेवा प्रदान गर्दै आएको छ । साथै, फाइनान्सले मोबाइल बैंकिङ, डेबिट कार्ड, क्युआर कोडलगायतका डिजिटल बैंकिङ सुविधासमेत उपलब्ध गराउँदै आएको जनाएको छ ।

## ● रोयल इन्फिल्डको नयाँ सोरुम सञ्चालनसँगै गोर्खा एडिसन सार्वजनिक

रोयल इन्फिल्डले पोखराको नयाँबजारमा नयाँ सोरुम सञ्चालनमा ल्याएको छ । रोयल इन्फिल्डको नेपालका लागि आधिकारिक विक्रेता अल्फा अटोमोटिभ प्रालि हो भने पोखरा क्षेत्रको आधिकारिक विक्रेता क्लासिक ड्राइभ हो । क्लासिकले नयाँबजारमा सञ्चालनमा ल्याएको सोरुमको सोमबार उद्घाटन गरिएको छ । सोरुमसँगै सर्भिस सेन्टरसमेत सञ्चालनमा आएको छ । त्यस्तै, रोयल इन्फिल्ड क्लासिक ३५० गोर्खा एडिसन सार्वजनिक गरिएको हो । गोर्खा योद्धाको साहस, वीरता, गौरव र समर्पणको भावनालाई सम्मान गर्ने गरी तयार गरिएको गोर्खा एडिसनको मूल्य पाँच लाख ९९ हजार रूपैयाँ रहेको छ । साथै, सञ्चालनमा आएको सर्भिस सेन्टरमार्फत ग्राहकलाई बिक्रीपछिको सेवा अझ सहज र व्यवस्थित रूपमा उपलब्ध गराउने लक्ष्य राखिएको छ ।

## ● बाढी प्रभावितको राहतका लागि बुटवल पावर कम्पनीद्वारा ५१ लाख सहयोग

बुटवल पावर कम्पनी लिमिटेड (बिपिसी) र यससँग आबद्ध ग्रुप कम्पनीहरु तथा बिपिसी कर्मचारीहरूको तर्फबाट रसुवाको भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित नागरिकहरूको सहयोगका लागि ५१ लाख ४१ हजार ९८६ रूपैयाँ सहयोग गरेको छ। सरकारले गरिरहेको खोज, उद्धार तथा राहतको प्रयासमा ऐक्यबद्धता जनाउँदै कम्पनीले उक्त रकमको चेक इप्पानमार्फत ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री विराजभक्त श्रेष्ठलाई हस्तान्तरण गरेको हो।

यो सामूहिक सहयोग रकममा बुटवल पावर कम्पनी र यसका कर्मचारीहरूको तर्फबाट ३३ लाख ३६ हजार ९८६ रूपैयाँ संकलन गरिएको छ। जसमा कम्पनीको २२ लाख र व्यवस्थापन तथा कर्मचारीहरूको ११ लाख ३६ हजार ९८६ रूपैयाँ योगदान रहेको छ।

## ● पोखरा-दुबई उडान नियमित गर्न महानगरले सहयोग गर्ने

संयुक्त अरब इमिरेट्सको वायुसेवा कम्पनी फ्लाई दुबई (दुबई एभिएसन कर्पोरेसन)ले पोखरामा सुरु गर्न लागेको व्यावसायिक उडानलाई नियमित गर्न पोखरा महानगरपालिकाले सहयोग गर्ने भएको छ ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा ७ असोजदेखि एक महिना दैनिक पोखरा-दुबई, दुबई-पोखरा व्यावसायिक उडान गर्न अनुमति फ्लाई दुबईले पाइसकेको नेपाल नागरिक उड्डयन प्राधिकरणले जनाएको छ । सोही उडानलाई नियमित एवं दिगो रूपमा लैजान पोखरा महानगर र फ्लाई दुबईबिच १० बुँदे समझदारीपत्रमा हस्ताक्षर भएको छ । पोखरा महानगरका तर्फबाट निमित्त प्रमुख प्रशासकीय अधिकृत मनहर कडरिया र फ्लाई दुबईको नेपालस्थित प्रतिनिधि युनिभर्सल टुर्स एन्ड ट्राभल्स प्रालिका अध्यक्ष पराशर प्रसाईंले सो समझदारी पत्रमा हस्ताक्षर गरेका छन् ।

## बालेन...

बनाउनुपर्ने धारणा राखेको भएपनि बैठकमा प्रधानमन्त्री उपस्थित नभएकाले गर्दा विपक्षी दलहरूका धारणा कार्यान्वयनमा जाने सम्भावना न्यून रहेको छ । भोटेकोशी बाढीको भोलीपल्टै रास्वपाका सभापति लामिछानेले सर्वदलीय बैठक बोलाएका थिए सो बैठकमा समेत रास्वपाका वरिष्ठ नेता समेत रहेका प्रधानमन्त्री बालेन उपस्थित भएका थिएनन् । रास्वपाका महामन्त्री समेत रहेका विपिन आचार्यको समन्वयमा गत मंगलबार सर्वदलीय बैठक राखिएको थियो । तर कुनै पनि बैठकमा प्रधानमन्त्री उपस्थित नभएकाले गर्दा सर्वदलीय बैठकले गरेका निर्णयहरु कार्यान्वयनमा समस्या देखिएको छ ।

केन्द्र सरकार देखि प्रदेश सरकार, स्थानीय तह हुँदै वडासम्ममा सर्वदलीय संयन्त्र बनाएर राहत वितरण र पुननिर्माणका कार्य गर्नु सबै भन्दा राम्रो विकल्प भएपनि त्यसलाई बालेन सरकारले स्वीकार गर्न आनाकानी गरिरहेकाले पिडितले राहतसम्म सहज रूपमा पाउन सकेका छैनन् । पिडितलाई सहयोग गर्न ठुलो मात्रामा रकम संकलन भएको छ, राहत सामग्री सुरक्षा निकायको जिम्मामा रहेको र उनीहरूले वितरण गर्ने भएकाले पिडितले सहज रूपमा राहत पाउन सकेका छैनन् ।

बालेन सरकारले प्रदेश सरकार र स्थानीय तहमा रास्वपाको उपस्थिति नभएकोले गर्दा स्थानीय तहको सरकारलाई विश्वास गर्न सकिरहेको छैन । यसरी विपद्को बेलामा समेत प्रधानमन्त्री बालेनले राजनीतिक स्वार्थ हेरेर प्रदेश सरकार र स्थानीय सरकारलाई राहत सामग्री वितरणगर्ने जिम्मेवारी नदिएकोमा त्यसको व्यापक विरोध भएपछि मात्र भाद्र १५ गते देखि प्रदेश सरकारको रेखदेखमा स्थानीय तहले राहत सामग्री बाँड्न थालेका छन् ।

प्रधानमन्त्रीले बाढीको विषयमा जानकारी गराउन राष्ट्रपतिलाईसम्म भेटेका छैनन् । संविधानको धारा ८१ मा प्रधानमन्त्रीले मन्त्रिपरिषद्को निर्णयलाई, संघीय संसदमा पेश गर्ने विधेयक ती विषयसँग सम्बन्धित र राष्ट्रपतिले आवश्यक ठानेका अन्य विवरण तथा नेपालको समसामयिक परिस्थिति र बैदेशिक सम्बन्धका विषयमा राष्ट्रपतिलाई जानकारी गराउनुपर्ने भनिएको भएपनि यत्तिका दिनसम्म यति ठुलो विपद्का बारेमा राष्ट्रपतिलाई औपचारिक जानकारी नै गराएका छैनन् भने रास्वपाका सभापतिले भने बाढीको विषयमा सोमबार राष्ट्रपतिलाई जानकारी गराएका थिए । सभापति र प्रधानमन्त्री भनेका अलग अलग पात्र हुन् । प्रधानमनत्रीले संविधानले नै व्यवस्था गरेको विषयलाई त उल्लंघन गर्दै आएका हुनाले उनीमा एक प्रकारको दम्भ बढेको छ ।

हुटिट्याउँले आकाश थाम्छु भन्दछ रे त्यही मार्गमा प्रधानमनत्री लागि परेको जस्तो देखिएको छ । नत उनि विपक्षी दलका नेताहरूलाई भेटेर बाढी पहिरोको बारेमा छलफल गर्न तयार हुन्छन् नत सर्वदलीय बैठक नै बोलाउन तयार छन् नत संविधानले व्यवस्था गरेका विषयमा नै राष्ट्रपतिलाई जानकारी गराउन तयार छन् । यी सबै कार्यहरूले गर्दा प्रधानमन्त्री बालने एक्लै अघि बढ्न खोजेको जस्तो देखिएको छ ।

२०७२ सालको भूकम्पको बेला तत्कालिन प्रधानमन्त्रीले हप्तैपिच्छे राष्ट्रपतिलाई भेटेर राहत र पुर्ननिर्माणका विषयमा सल्लाह गर्ने गरेका थिए तर भोटेकोशी बाढीको विषयमा अहिलेसम्म प्रधानमन्त्रीले औपचारिक रूपमा नत विपक्षी दलका नेताहरूलाई र नत राष्ट्रपतिलाई नै जानकारी गराएका छन् । रास्वपाका केही नेता तथा सांसद र मन्त्रीहरु समेत विपक्षी दलका नेताका र स्थानीय तहको सरकारका बारेमा अनावश्यक हल्ला चलाएर आफ्नो स्वार्थ पूरा गर्न लागि परेका छन् ।

स्थानीय तहका केही जनप्रतिनिधिहरु नै पिडित भएका भएपनि उनीहरूले सक्रिय रूपमा जनताका सेवामा लागेका छन् । तर बालेन सरकारका समर्थकहरु र मन्त्रीहरु नै स्थानीय तहका नेता तथा कार्यकर्ताहरूको विरोधमा स्टाटस लेख्दै उनीहरूको विरोध गरिरहेका हुनाले उनीहरूको व्यहवार हुटिट्याउले आकाश थाम्छु भने जस्तै मात्र देखिएको छ ।

## खाना पकाउने...

काठमाडौं आइपुग्ने छन् ।' कर्पोरेशनले आफ्नो ग्यास प्लान्टका लागि छुटेका केही ग्यासका बुलेट ती निजी कम्पनीमा 'डाइभर्ट' समेत गरेको छ ।

सीमित कोटा : चुस्त वितरण प्रणाली

नेपाल आयल निगमले कर्पोरेशनलाई न्यून कोटा अर्थात् 'पिडियो' अनुमति प्रदान गर्दा उसले चाहेर पनि यथेष्ट ग्यास बिक्री गर्न पाइरहेको छैन । निगमले भारतीय आयल कर्पोरेशनबाट कुल तीन हजार २५ ग्यास बुलेटका लागि सम्झौता गरेको जनाइएको छ । सोमध्ये करिब दुई प्रतिशत अर्थात् ५३ वटा 'बुलेट' मात्र कर्पोरेशनको भागमा परेको छ । कर्पोरेशनले हाल मासिक ५५ हजारदेखि ६० हजारको हाराहारीमा 'एसटिसी सिलिन्डर' खपत गरिरहेको जनाइएको छ । निजी क्षेत्रका ग्यास कम्पनीले खाडी सफ्ट, पछिल्लो समय पृथ्वीराजमार्ग अवरूद्ध एवं अन्य बहना देखाउँदा उपभोक्ता समस्यामा पर्दै आएका छन् । कर्पोरेशनले हाल कुपन प्रणालीमार्फत बिक्री वितरणलाई सहज बनाइराखेको छ । सहायक प्रमुख कार्यकारी अधिकृत झाले भने, 'उपभोक्तालाई कुपन वितरण गर्दा नै ग्यास प्राप्त गर्ने दिन सुनिश्चित गर्दछौं ।'

६ महिनालाई पुग्ने आयोडिनयुक्त नुन 'स्टक'

सरकारको आयोडिनयुक्त नुनको सर्वसुलभ पहुँच आमनागरिकसम्म पुऱ्याउने नीति र यसलाई अक्षरशः कार्यान्वयन गर्ने कर्पोरेशनले छ महिनालाई पुग्नेगरी नुनको मौज्दात राखेको छ । यही भदौ १७ गते बुधबार कर्पोरेशनका भण्डारणमा एक लाख २७ हजार ३६१ मेट्रिकटन नुन 'स्टक' रहेको सहायक प्रमुख कार्यकारी अधिकृत झाले जानकारी दिनुभयो । उहाँका अनुसार देशभर वार्षिक दुई लाख टनभन्दा बढी आयोडिनयुक्त नुनको माग हुँदै आएको छ । कर्पोरशनले गत आवमा करिब दुई लाख १० हजार टन नुन बिक्री वितरण गरेको थियो ।

'आयोडिन' शरीरलाई दैनिक रूपमा नभई नहुने अतिसुक्ष्म पोषक तत्व हो । सरकारले दुई बालबालिका चिन्ह भएको नुन 'थोरै खाऔं, सही मात्रामा खाऔं' भन्दै आग्रह गरिरहेको छ । उपभोक्तावादीहरूले नुन अत्यावश्यक वस्तु भएकाले सरकारको नीतिभित्रै राख्नुपर्ने र यसको बिक्रीवितरणमा निजी क्षेत्रलाई प्रवेश गराउनै नहुने आवाज उठान गर्दै आएका छन् । उनीहरूको तर्क छ– 'विषम अवस्थामा निजी क्षेत्रले नुनको सहज आपूर्ति मिलाउन सक्दैन । विपद्लगायत अन्य असहज अवस्थामा सार्वजनिक संस्थाले कस्तो भूमिका निर्वाह गर्नुपर्छ भनेर कर्पोरेशनले आफूलाई अब्बल सस्थाका रूपमा प्रमाणित गरेको छ ।'

चिनीमा बजार हस्तक्षेप

अर्कोतर्फ कर्पोरशनले पछिल्ला दिनमा अन्तरराष्ट्रिय बजारमा निरन्तर उकालो लागिरहेको चिनीको बिक्रीवितरणलाई चुस्त बनाउँदै बजार हस्तक्षेप गरेको छ । निजी क्षेत्रबाट प्रतिकिलो रू १३५ सम्म बिक्री भइराखेको चिनी कर्पोरेशनले रू १०० मा बिक्रीवितरण गरिराखेको छ । कर्पोरेशनले दिएको जानकारीअनुसार यही भदौ ९ मा मात्र संस्थाले ६०० टन चिनी भित्र्याएको थियो । संस्थाले सरकारको नीतिअनुसार चिनी बिक्री गर्दै आएको छ । पछिल्ला दिनमा कर्पोरेशनले तीन हजार टन बजारमा पठाइसकेको छ ।

दैनिक बजारमा उपभोग्यवस्तु चामल, दाल, गेडागुडी, तेललगायत वस्तुको मूल्य निरन्तर उकालो लागिरहेको छ तर कर्पोरशनले आफूले बिक्रीवितरण गर्दै आएको खाद्यन्नमा मूल्य स्थिर राख्न सफल भएको जनाएको छ । सहायक प्रमुख कार्यकारी अधिकृत झाले भनेका छन्, 'सरकारी निजी स्वामित्वको कर्पोरेशनको ध्येय दैनिक अत्यावश्यक उपभोग्यवस्तु नुनलगायत अन्य खाद्यन्न वस्तुलाई असहजस्थितिमा पनि निरन्तर सेवा पुऱ्याउनु हो । नाफामा मात्र होइन ।' विपद्का अवस्थामा सार्वजानिक संस्थाको भूमिका र अपरिहार्यता अझ बढ्ने देखिन्छ ।

## विपदको...

पिडितहरूले समयमै राहत नपाएको गुनासो सार्वजनिक रूपमै गरेपछिमात्र केन्द्रीय सरकारले प्रदेश सरकार र स्थानीय तहको सहयोग लिनु थालेको थियो ।

रास्वपाको प्रदेश सरकार र स्थानीय तहमा कुनै उपस्थिति नभएकोले रास्वपा नेतृत्वको सरकारले प्रदेश सरकार र स्थानीय तहलाई सक्रिय नबनाएको हो । विपत्को बेलामा समेत सरकारले विपक्षी दल, प्रदेश सरकार र स्थानीय तहबाट सहयोग लिन अग्रसरता देखाएन । विपक्षी दलहरूले त्यसको विरोध गरेपछिमात्र बाढी आएको ६ दिनपछिमात्र स्थानीय तहको सहयोग लिन बालेन सरकारले अग्रसरता देखाउँदा निकै ढिलो भैसकेको थियो । रसुवाको विकट स्थानीय तहहरूमा सोमबारसम्म उद्दार र राहतका सामान पुग्न नसकेको स्थानीय तहका जनप्रतिनिधिहरूले बताउँदै आएका थिए भने उनीहरूले केन्द्र सरकारले स्थानीय तहको सरकारलाई वेवास्ता गरेकाले गर्दा उद्दार र राहतमा ढिलाई भएको सार्वजनिक रूपमै उद्घोष गर्दै आएका थिए ।

जनता समस्यामा पर्दा समेत विपक्षी दलहरूका प्रदेश सरकार र स्थानीय तहका सरकार रहेका हुनाले बालेन सरकारले तिनीहरूबाट सहयोग लिन नखोज्नु विपद्मा परेका जनताको लागि घातक सावित भएको छ । विपद्को बेलमा समेत बोलन सरकारले बाढीपिडितहरूमाथि राजनीति गरेको आरोप विपक्षी दलहरूले लगाएको छ भने राहत सामग्री समेत सुरक्षाकर्मीलाई वितरण गर्न लगाएका हुनाले सुरक्षाकर्मीहरूले नत सम्बन्धित तहका जनतालाई चिनेका छन् नत उनीहरूलाई आवश्यक पर्ने राहत सामग्री नै वितरण गर्न सकेका छन् । रसुवा सदरमुकाममा राहतका सामग्री थुप्रिएको भएपनि रसुवाकै दुर्गम बस्तीमा रहेका बाढी पिडित जनताले सहज रूपमा राहत सामग्री पाउन नसकेको गुनासो गरिरहेका छन् ।

## स्थानीय...

सबैभन्दा नजिकको सरकार भएको र स्थानीय जनप्रतिनिधिहरूले नै स्थानीयहरूको आवश्यकता र उद्दारमा सहयोग गर्न सक्ने भएपनि रास्वपा नेतृत्वको बालेन सरकारले उनीहरूलाई वेवास्ता गर्दै राहत र उद्दारमा पनि सुरक्षाकर्मीलाई मात्र परिचालन गरेको हुनाले पिडितले त्यसको विरोध गरेका थिए । बाढी पहिरो गएको ६ दिनपछि मात्र बालेन सरकारको आँखा खुलेको छ त्यही कारणले गर्दा पछिल्लो समयमा प्रदेश सरकार र स्थानीय सरकारलाई समेत उद्दार र राहत वितरणमा सहभागि गराइएको छ । रास्वपाको प्रदेश सरकार र स्थानयि तहमा कुनै उपस्थिति नरहेको र प्रदेश र स्थानीय तहमा पुराना भनिएका दलहरु नेपाली कांग्रेस, नेकपा एमाले र नेपाल कम्युनिष्ट पार्टी लगायत अन्य साना दलहरूको सहभागिता भएको हुनाले उनीहरूलाई उद्दार र राहतमा सहभागि गराउन बालेन सरकार र रास्वपाले चाहेको थिएन ।

यसरी बालेन सरकार र रास्वपाले पिडित जनतालाई अझ पिडा थप्ने कार्य गरेको भन्दै त्यसको व्यापक विराध भएपछि मात्र उनीहरूलाई राहत र उद्दारमा सहभागि गराउन केन्द्र सरकार तयार भएको हो । विपक्षी दलहरूले राजनीतिक फाइदा लिन सक्छन् भनेर सरकारले बाढी पिडितहरूसँग विपक्षी दलका नेता तथा कार्यकर्ताहरु पुग्न नसकुन् भनेर एकद्वार प्रणाली लागु गरेको भएपनि सुरक्षा निकायहरूबाट मात्र राहत वितरण गर्नु पिडितलाई अरू पिडा थप्नु हो ।

स्थानीय जनप्रतिनिधिहरूले नै आफ्नो क्षेत्र गाउँ र टोलका जनताको मार्का बुझेका र उनीहरूका आवश्यकता बारेमा उनीहरु जानकारी भएको भएपनि उनीहरूलाई ६ दिनसम्म वेवास्ता गरेर केन्द्र सरकार अघि बढ्न खोज्नु राजनीतिक स्वार्थ पूरा गर्ने खेल बाहेक अन्य केही हुन सक्दैन । विपत्तिको बेला भएपनि राजनीतिक स्वार्थ पूरा खोज्नु जनतामाथि घात र राजनीतिक अपराध समेत हो ।

## प्रदेश...

र पुर्ननिर्माण कार्यमा तिनै तहबीचमा सहकार्य गर्ने नीति लिइएको बताइएको छ । पहिला तिनै तहसँग समन्वय नहुँदा कमजोरी देखिएको थियो । जब केन्द्रीय सरकारको व्यापक आलोचना भयो र राजनीतिक फाइदाका लागि बालेन सरकारले प्रदेश सरकार र स्थानीय सरकारलाई वेवास्ता गरेको जनगुनासो पछिमात्र पार्टी सभापतिले प्रदेश सरकारका मुख्यमन्त्रीसँग छलफल गरेका थिए ।

प्रदेश सरकार र स्थानीय तहमा रास्वपाको उपस्थिति नभएको हुनाले सरकारले उनीहरूबाट सहयोग लिन चाहेको थिएन । राहत सामग्री पुगेपनि सुरक्षाकर्मीहरूले मात्र वितरण गर्ने नीति केन्द्र सरकारले लिएको भएपनि प्रदेश सरकार र स्थानीय तहले मात्र जनताको आवश्यकता बुझेका र उनीहरु जनताको घरदैलोमा पुग्ने गरेका हुनाले उनीहरूलाई जनताको आवश्यकताका बारेमा जानकारी थियो । रास्वपाका केन्द्रीय नेता सहित सभापति लामिछानेले आइतबारमात्र रसुवा र नुवाकोटका बाढी प्रभावित क्षेत्रमा जनप्रतिनिधिसँग फोनवार्ता गरेका थिए । त्यस क्रममा प्राय सबै जनप्रतिनिधिहरूले तत्कालिन समस्या सभापति लामिछानेलाई बताउँदै संघ सरकारसँग समन्वय हुन नसकेको धारणाा समेत राखेका थिए । विपक्षी दलहरूले समेत सबै काम एकद्वार प्रणालीबाट गर्न खोज्दा सुरक्षा निकायमा मात्र भर पर्नु परेकोले त्यसले सकारात्मक परिणाम नदिने गुनासो गरेका थिए । कांग्रेसले समेत तीन तहका सरकारसँग समन्वय हुन नसकेको निष्कर्ष निकालेको थियो भने नेकपा एमालेले समेत जनप्रतिनिधिहरूलाई परिचालन गरेर राहत र पुर्ननिर्माणका कार्य गर्न तिनै तहका सरकारका समन्वय हुनुपर्ने बताउँदै आएको थियो ।

## संसदले...

अघि बढेको भएपनि सम्मानित सर्बोच्च अदालतले सबै सञ्चारमाध्यमलाई सरकारी विज्ञापन दिन आदेश दिएको भएपनि आजसम्म सरकारले त्यसतर्फ कुनै निर्णय नै नगरी चुपचाप बसेको छ भने अर्कोतर्फ सबै सञ्चारमाध्यमहरूले पाउँदै आएको लोककल्याणकारी विज्ञापनको रकममा व्यापक कटौती गरिएको छ । अहिले मुलुकभरमा गरी झण्डै १५ हजार जति छापामाध्यम र टिमी रेडियो र अनलाइनमा पत्रकारहरु काम गरिरहेका अवस्थामा पत्रकारहरूलाई भोकभोकै राख्नका लागि लोककल्याणकारी विज्ञापनको रकम कटौती गर्ने सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले निर्णय गरेको छ । प्रेस काउन्सिलद्वारा वर्गीकरण गर्ने र काउन्सिलले गरेको वर्गीकरणको आधारमा क, ख, ग र घ वर्गमा परेका पत्रपत्रिकाहरु दैनिक, साप्ताहिक, मासिक, त्रैमासिकहरूलाई लोककल्याणकारी विज्ञापन दिंदै आएकोमा सरकारले २०८३ श्रावण देखि रोकेको थियो । यहि भाद्र ५ गते सरकारले लोककल्याणकारी विज्ञापन दिने कार्यविधि नै परिवर्तन गरेर दैनिक साप्ताहिक, मासिक, पाक्षिक र त्रैमासिक सबैको रकम झण्डै आधा घटाउको छ ।

संसदले पारित गरिसकेको लोककल्याणकारी विज्ञापनको रकम ३३ करोड छुट्याएको छ । संसदले पारित गरेको रकम कटौती गर्नु संसदको अपमान हो । संसदबाट पारित भएको रकम लोककल्याणकारी विज्ञापनका लागि भएकाले कटौती गर्न सक्ने अधिकार सरकारलाई छैन । अहिले रसुवामा आएको बाढीले गर्दा मुलुक संकटमा परेको र त्यसमा धेरै पत्रकारहरु समेत घरबारविहिन अवस्थामा पुगेको अवस्थामा लोककल्याणकारी रकम कटौती गरिनु उपर्युक्त हुन सक्दैन । त्यसैले अब सबे सञ्चार माध्यमहरु एकजुट भएर संघर्षमा उत्रिनुको कुनै विकल्प देखिँदैन । नेपाल पत्रकार महासंघले सरकारसँग पटक पटक गरेको वार्तामा सञ्चार तथा सूचना मन्त्री विक्रम तिमिल्सिनाले लोककल्याणकारी विज्ञापनको रकम कटौती नहुने आश्वासन दिएका थिए तर सञ्चार माध्यम र पत्रकारहरूको साझा संगठन नेपाल पत्रकार महासंघलाई समेत थाहै नदिई लोककल्याणकारी विज्ञापनको रकम कटौती गरिनु बालेन सरकार 'भन्छ एक, गर्दछ अर्को' भन्ने पुष्टि भएको छ ।

पत्रपत्रिका अधिकार मञ्चका अध्यक्ष देवेन्द्र चुडालले एक वक्तव्य जारी गरी लोककल्याणकारी विज्ञापनमा दिंदै आएको रकम कटौती गरिएकोमा आपत्ति जनाउँदै सरकारको उक्त निर्णय तत्काल सच्चाउन सरकारसँग जोडदार माग गरेका छन् । यदि सरकारले त्यो निर्णय नसच्चाएको खण्डमा सञ्चारमाध्यम र पत्रकार हरूलाई सडक संघर्षमा उत्रिन समेत आग्रह गरेका छन् ।

## २०७२ को...

यता बालेन सरकारले भने गत आइतबार सरकारले गरेका कार्यहरूको जानकारी प्रधानमन्त्री बालेनको फेसबुक मार्फत सार्वजनिक गरेका भएपछि त्यसको व्यापक विरोध भएको छ । सरकारले गरेका कार्य राहत उद्दार लगायतका कार्यहरु सरकारी सञ्चारमाध्यम वा प्रधानमन्त्री कार्यालयको सरकारी फेसबुकमार्फत सार्वजनिक गर्नुपर्नेमा व्यक्तिको फेसबुकमार्फत सार्वजनिक गरिनुको एउटै उदेश्य हो पैसा कमाउनु । जनता उद्दार नपाएर मरिरहेका छन् । बालेन सरकार फेसबुकमा लेख्न व्यस्त छ, त्यो पनि पैसा कमाउन ।

बाढी पिडितलाई खानपानको उचित व्यवस्थासम्म हुन सकेको छैन सरकार भने स्टाटसमै सिमित भएको जस्तो देखिएको छ । गृहमन्त्री सुधन गुरूङ बाढी पहिरो गएको क्षेत्रमा पुगेपनि आफैं सुरूङभित्र पस्ने भन्दै स्टन्ट गरिरहेको भन्दै विस्थापितहरूले आक्रोश व्यक्त गरिरहेका छन् । सरकारले त भरपर्दो व्यवस्था मिलाउनुपर्ने हो । सुरूङभित्र पसेर उद्दार गर्ने जनशक्ति नेपालमा ज्यादै कम रहेकोमा विदेशी मित्रराष्ट्रहरूलाई सहयोग मागेर जतिसक्दो चाँडो उद्दार गनुपर्नेमा म आफैं सुरूङभित्र पस्छु भन्दै गुरूङले नौटंकी गर्नुको औचित्य के ?

२०७२ सालमा गएको भूकम्पको बेला तत्कालिन सरकारले जस्तो तदरूकता बालेन सरकारले देखाउन सकेन । भूकम्पको बेला जनतापनि सक्रिय रूपमा उद्दारका लागि लागी परेका थिए त्यसबेला झण्डै मुलुकभरमै भूकम्प गएको थियो तर अहिले बाढी पहिरो त रसुवामा गएको र त्यसको प्रभाव अन्य जिल्लामा परेको मात्र हो । यी सबै कारणहरूले भन्न सकिन्छ बालेन सरकार स्टाटसमै रमायो भनेर ।

## बाढी पीडितलाई...

जनता संकटमा परेको बेलामा पनि राजनीतिक स्वार्थकै लागि राजनीतिक गर्नु महापाप हो । जनता भनेको कसैको पेवा होइनन् । बालेन सरकारले जनतालाई चित्त बुझाएर मात्र राज्य सञ्चालन गर्न सक्छ । अप्ठ्यारो अवस्थामा रहेका जनतालाई राजनीतिक आस्थाका आधारमा विभाजित गराउन खोज्नु कुनै अर्थमा पनि उपर्युक्त हुन सक्दैन । पूराना भनिएका रजनीतिक दलहरु नेपाली कांग्रेस, नेकपा एमाले, नेपाल कम्युनिष्ट पार्टी लगायत सबै राजनीतिक दलका नेता तथा कार्यकर्ताहरु उद्दार र राहत वितरणमा लागेका भएपनि राज्यले वितरण गर्ने राहतमा कुनै भेदभाव गर्नु हुँदैन, राजनीतिक आस्थाकै आधारमा कसैलाई काखा र कसैलाई पाखानगरी पिडितहरूलाई समान रूपमा स्थानीयत हबाटै राहत सामाग्री वितरण गरिनु उपर्युक्त हुनेछ ।


## नागरिकमैत्रीः सार्वजनिक सेवा

**सेवाग्राहीप्रति सम्मान, शिष्टता र समान व्यवहार गरौं,**

- छिटो, सरल, पारदर्शी र गुणस्तरीय सेवा प्रदान गरौं,
- सेवासम्बन्धी सूचना, प्रक्रिया र शुल्क स्पष्ट रूपमा उपलब्ध गराऔं,
- प्रविधिमैत्री तथा डिजिटल सेवाको प्रभावकारी उपयोग गरौं,
- सेवाग्राहीका गुनासा, सुझाव र प्रतिक्रियालाई सम्बोधन गरौं,
- सुशासन, इमानदारीता, जवाफदेहिता र उत्तरदायित्वलाई आत्मसात् गरौं,
- सार्वजनिक सेवालाई विश्वासयोग्य, पहुँचयोग्य र नागरिककेन्द्रित बनाऔं।
- सेवाग्राहीको सन्तुष्टि नै सार्वजनिक सेवाको सफलता हो।

नेपाल सरकार
विज्ञापन बोर्ड